का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ फागुन २०७९,
आइतबार
19 February 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक २५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




राष्ट्रपतिको रस्साकस्सी

# अप्ठ्यारोमा सत्ता गठबन्धन

राष्ट्रपतिको निर्वाचन कार्यतालिकाको औपचारिक सुरुवात हुन तीन दिन मात्रै बाँकी छ । तर, दलहरुले राष्ट्रपतिको उम्मेदवारको टुंगो लगाएका छैनन् । कांग्रेस र एमालेको तीव्र लबिङमा माओवादीको अडान निर्णायक भएर रहेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

फागुन २५ गते हुने राष्ट्रपति पदको चुनावका लागि फागुन १० गते मतदाता नामावली प्रकाशन हुँदैछ । अर्थात, राष्ट्रपतिको निर्वाचन कार्यतालिकाको औपचारिक सुरुवात हुन तीन दिन मात्रै बाँकी छ । तर, दलहरुले राष्ट्रपतिको उम्मेदवारको टुंगो लगाएका छैनन् । कांग्रेस र एमालेको तीव्र लविङमा माओवादीको अडान निर्णायक भएर रहेको छ ।

आफूले भनेकै व्यक्तिलाई राष्ट्रपति बनाउन सत्ता गठबन्धन दल एमाले र विपक्षी नेपाली कांग्रेसका नेताहरू सक्रिय छन् । एमालेले माओवादीसँग पुस १० मा भएको सहमतिअनुसार राष्ट्रपति आफूले पाउनुपर्ने दाबी गरिरहेको छ । तर माओवादीले सर्वसम्मत व्यक्ति खोज्नुपर्ने भन्दै आएको छ । प्रधानमन्त्रीलाई विश्वासको मत दिएको कांग्रेसले रोजेकै व्यक्ति राष्ट्रपति भए पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढल्छ कि भन्ने चिन्ता सत्ता पक्षकै नेताहरूमा देखिन थालेको छ ।

हुन त एमाले र माओवादीबीच पुस १० मै राष्ट्रपति एमालेले लिने सहमति भएको थियो । तर अहिले परिस्थिति फेरिएकाले सर्वस्वीकार्य व्यक्तिलाई राष्ट्रपति बनाउँदा गठबन्धन सरकारमा कुनै असर नपर्ने माओवादीको दाबी छ । माओवादीले सहमतिबाटै राष्ट्रपति चयन गर्नुपर्ने भने पनि त्यति सहज देखिँदैन । किनकि एमालेले आफूले भनेकै पात्रलाई राष्ट्रपति बनाउनुपर्ने अडान छाडेको छैन ।

त्यसो त कांग्रेसले पनि राष्ट्रपतिको चुनावमा निर्णायक मानिएको माओवादी केन्द्रलाई फकाउन छाडेको छैन । कहिले सभापति शेरबहादुर देउवा त कहिले महामन्त्री गगन थापाले प्रधानमन्त्री प्रचण्डलाई भेटेर फकाउने प्रयास गरिरहेका छन् । यही विषयलाई लिएर गठबन्धनलाई समेत भत्काउने

– बाँकी पृष्ठ २ मा



“कुरो जहाँको त्यहीँ छ, तर्क र बहस खुलेरै भएको छ, डराएर होइन । पोजेटिभ पक्ष भनेको दुई नेताबीचको संवाद चलिरहेको छ ।

**हरिबोल गजुरेल**
**प्रधानमन्त्री प्रचण्डका प्रमुख राजनीतिक सल्लाहकार**



“पुस १० को सहमति एमालेको राष्ट्रपति भन्ने हो । राजनीतिक इमानदारितामा माओवादी र प्रचण्डको सुझबुझपूर्ण कदमको अपेक्षा गरिरहेका छौं ।

**शेरबहादुर तामाङ**
**स्थायी कमिटी सदस्य एमाले**

# अब कानूनहरुको पनि अडिट

संघीय संसदले आफूले बनाएका प्रत्येक कानुनको कार्यान्वयन भएको तीन वर्षपछि अडिट गर्ने भएको छ । विगतमा अभ्यासमै नरहेको यो व्यवस्थालाई यसपटक प्रतिनिधिसभा निमावलीमा राखेर बाध्यकारी बनाउने प्रयास गरिएको छ ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

प्रतिनिधिसभाले अब कानुनको पनि अडिट (कार्यान्वयनको अवस्था मापन) गर्ने भएको छ । प्रतिनिधिसभाको नियमावलीमा पहिलो पटक कानुनहरूको अडिट गर्ने व्यवस्था गरिएको छ ।

यो व्यवस्था अनुसार संघीय संसदले आफूले बनाएका प्रत्येक कानुनको कार्यान्वयन भएको तीन वर्षपछि अडिट गर्नेछ । विगतमा अभ्यासमै नरहेको यो व्यवस्थालाई यसपटक प्रतिनिधिसभा निमावलीमा राखेर बाध्यकारी बनाउने प्रयास गरिएको छ ।

मस्यौदा समितिका सदस्यहरुका अनुसार यसले सरकारलाई कानुन संशोधनका लागिसमेत सहज बनाउनेछ । कतिपय पूराना कानुनहरू कायम रहने तर समय अनुकूल परिमार्जन नहुने अवस्थाले समस्या उत्पन्न गराउने गरेका छन् ।

राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले विगतमा कानुन कार्यान्वयनको अवस्थाबारे अध्ययन गरेको थियो । तर प्रतिनिधि सभाले यो कामका लागि पहिलो पटक नियमावलीमा व्यवस्था गरेको हो ।

यो सहित नियमावलीमा यसपटक केही नयाँ व्यवस्थाहरु समेत गरिएका छन् । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, न्यायाधीश, न्यायपरिषद सदस्य, संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरुविरुद्ध आउन सक्ने महाअभियोग प्रस्ताव समयमै टुंगो लगाउनुपर्ने भनिएको छ । नियमावली अनुसार पाँच महिनामा महाअभियोग टुंगो नलागे स्वतः निष्कृय हुने परिकल्पना गरिएको छ ।

प्रतिनिधिसभाको कार्यकाल पाँच महिना भन्दा कम समय बाँकी रहँदा महाअभियोग प्रस्ताव आएको र कार्यकालभित्रै महाअभियोग टुंगो लाग्न नसकेको अवस्थामा निर्वाचनपछिको प्रतिनिधिसभामा समेत महाअभियोग जान सक्ने बाटो खोलिएको छ ।

यसका अलावा ‘लैंगिक तथा समावेशी सम्बन्धी बहस पैरवी इकाइ’ रहने भनी ककस रहने परिकल्पना नियमावलीमा गरिएको छ । संविधानसभामा अभ्यास भएको र संविधान जारी भएपछि निरन्तरता नदिएको ककसको अभ्यासलाई रुप फेरेर फेरि प्रतिनिधिसभा नियमावलीमा राखिएको छ ।

नियमावली निर्माणका क्रममा महिला सदस्यहरूले महिला र समावेशी नीति निर्माणका लागि छलफल गर्ने फोरमको आवश्यकता रहेको भन्दै त्यस्तो समितिको माग गरेका थिए । सोही मागलाई सम्बोधन गर्दै नियमावलीमा व्यवस्था छ, ‘लैंगिक तथा समावेशी लगायतका विषयमा सभामा प्रतिनिधित्व गर्ने दलहरूको एकीकृत धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउन सभामुख वा उपसभामुखको अध्यक्षतामा यस्तो एक इकाइ रहन सक्नेछ ।’ यो इकाइको सदस्य संख्या र कार्यविधि भने सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा निर्धारण गरेबमोजिम हुने भनिएको छ ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## भिजिट भिसाको दुरुपयोग गरी मानव तस्करी प्रहरीद्वारा ३० जनाको उद्धार

**काठमाडौं/रासस–** वैदेशिक रोजगारलगायत विभिन्न बहानामा मानव बेचबिखनका घटना दिनदिनै बढिरहेका छन् । प्रहरीको निगरानी तथा सचेतना अभियानका बाबजुद पनि बेचबिखनका घटना देखिँदै आएका छन् ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो काठमाडौंका अनुसार माघमा मात्रै विभिन्न मुलुकमा बेचबिखनमा परेका ३० जनाको उद्धार गरिएको छ । त्यसमध्ये भारतबाट मात्रै १५ महिला र चार बालबालिकाको उद्धार गरिएको तथा कुवेतबाट छ महिला, ओमनबाट दुई महिला, इराकबाट एक महिला र नेपालभित्रै आन्तरिक बेचबिखनमा परेका दुई जनाको उद्धार गरिएको ब्युरोका निर्देशक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए ।

आकर्षक वैदेशिक रोजगारीको बहानामा पर्यटक भिसाको दुरुपयोग गरी विभिन्न दलाल तथा म्यानपावर कम्पनीले भ्रमण भिसामा विदेश जाने कागजातको न्यूनतम प्रक्रियासमेत पूरा नगरी नक्कली कागजात बनाइ उनीहरुलाई विदेश पठाएको पाइएको छ ।

त्यसैगरी विदेश जान लागेको र मानव बेचबिखनको उच्च जोखिममा पर्ने देखिएका दुई सय ५० जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको ब्युरोको प्रहरी टोलीले फिर्ता गराएको पनि उनले जानकारी दिए ।

यस्तै माघमा मानव बेचबिखन तथा ओसारपसार कसुर गरेको आरोपमा चार जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान जारी रहेको जनाइएको छ । गएको एक महिनामा एक महिला र पाँच पुरुष गरी छ जनामाथि अनुसन्धान सम्पन्न गरी अदालतमा मुद्दा चलाइएकोमा उनीहरु पूर्पक्षका लागि कारागार चलान भएको प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए ।

### राहदानीमा ढिलाइले कामदार पनि तनावमा

**काठमाडौं/मस–** राहदानी विभागले समयमा राहदानी नबनाइदिँदा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार तनावमा देखिएका छन् । मलेसियास्थित नेपाली दूतावासले गर्ने साप्ताहिक जानकारीमुलुक कार्यक्रम फेसबुक लाइभमा अधिकांश कामदारको मुख्य जिज्ञासा नै राहदानी कहिले आउँछ भन्ने देखिएको छ ।

एक वर्षभन्दा कम अवधि रहेको राहदानीमा भिसा नलाग्ने भएका कारण वैदेशिक रोजगारीमा रहेका कामदारमा समयमा राहदानी नआएको अवस्थामा भिसाको समस्या झेल्नुपर्ने त्रास देखिएको छ

– बाँकी पृष्ठ २ मा

## ‘निजामती विधेयक चालु अधिवेशनमै संसदमा’



“विधेयक चालु अधिवेशनमै संसदमा जान्छ । लगेको विधेयक पारित गर्न राजनीतिक सहमतिको प्रयास पनि जारी छ ।

**अमनलाल मोदी**
*मन्त्री, संघीय मामिला*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी संसद्को अधिवेशनमा विधयेक पारित गरी ऐनको रूपमा ल्याउने गरी तयारी अघि बढाएको छ ।

विगतमा पनि तत्कालीन सामान्य प्रशासन मन्त्रीहरू लालबाबु पण्डित, हृदयेश त्रिपाठी र राजेन्द्र श्रेष्ठले संघीय निजामती विधेयक पारित गराउन प्रयास अघि बढाएका थिए । तर, विधेयकप्रति कर्मचारीको चासो, माग, प्रदेश अधिकारलगायत विषयमा राजनीतिक दलहरूको असहमतिका कारण ऐन संसदीय प्रक्रियाको बीचमै अडकिएको थियो ।

विगतका मन्त्रीहरुझैँ अहिलेका मन्त्री अमनलाल मोदीले पदभार ग्रहण गर्दा विधेयकलाई अन्तिम रूप दिन तयारी थाल्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सोहीअनुरूप मन्त्रालयले संघीय निजामती ऐनबारे विज्ञहरूसँग छलफल

– बाँकी पृष्ठ २ मा

## आज प्रजातन्त्र दिवस

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

आज प्रजातन्त्र दिवस । दिवसका अवसरमा देशभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ ।

जहानियाँ राणा शासन अन्त्य भई देशमा प्रजातन्त्र स्थापना भएको सम्झनामा आइतवार प्रजातन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । विसं २००७ फागुन ७ गते प्रजातन्त्र स्थापना भएको थियो । सोही दिनको सम्झनामा हरेक वर्ष प्रजातन्त्र दिवस मनाउने गरिएको छ ।

यसवर्ष सरकारले प्रजातन्त्र दिवस तीन दिन मनाउने निर्णय गरेको थियो । सोही अनुसार प्रजातन्त्र दिवस तीन दिनसम्म मनाउन तीनवटै तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आग्रह गरेको थियो । यसअघि नै मन्त्रालयले सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै आयोग, विभाग, प्रतिष्ठान, जिल्ला समन्वय समिति र स्थानीय तहलाई परिपत्र गर्दै प्रजातन्त्र दिवस तीन दिनसम्म मनाउन आग्रह गरेको हो ।

प्रजातन्त्र दिवस मनाउन सबै प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय प्रजातन्त्र दिवस मूल समारोह समिति गठन गर्न पनि परिपत्र गरिएको छ ।

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
७ फागुन २०७९, आइतबार
19 February 2023, Sunday

## सातौं निर्वाचन दिवस

# एकीकृत निर्वाचन कानूनको मस्यौदा तयार




काठमाडौं/मस- आज सातौं निर्वाचन दिवस विभिन्न कार्यक्रम गरेर मनाईंदैछ। दिवसको अवसरका निर्वाचन आयोगले कान्तिपथस्थित कार्यालय परिसरमा विशेष समारोहमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयका सम्पूर्ण कर्मचारी 'भर्चुअल' माध्यमबाट सहभागी हुनेछन्।

नेपालमा आम निर्वाचन प्रारम्भ भई बालिग नेपाली मतदाताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै आयोगले निर्वाचन दिवस उल्लासमय वातावरणमा मनाउँदै छ। निर्वाचन आयोग तथा आम मतदाताका लागि पनि विशेष वर्षको रूपमा रहेकाले सातौं निर्वाचन दिवस पनि विशेष र अविष्मरणीय रहेको आयोगले जनाएको छ।

निर्वाचन आयोगले निर्वाचन कानून र व्यवस्थापनका पक्षहरू सवल बनाउँदै लैजानो भएको छ। सातौं निर्वाचन दिवसका अवसरमा प्रमुख आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन व्यवस्थापनलाई उपयुक्त नीतिगत, कानुनी र संस्थागत संरचनासहित समयानुकूल बनाउन एकीकृत निर्वाचन कानूनको मस्यौदा तयार गरी पेस गर्न लागिएको जानकारी दिए।

उनले यस वर्षका निर्वाचन सञ्चालन र व्यवस्थापनका क्रममा आयोगले संविधान र कानूनको पालनासहित अवलम्बन गरेका नवीन अभ्यासको समीक्षाका क्रममा केही सकारात्मक पहल गर्न सकिएको अनुभव भएको उल्लेख गर्दै देखिएका समस्या र चुनौतीलाई समाधान गर्न मार्गदर्शन पनि प्राप्त भएको बताए।

त्यसैगरी यसै वर्ष सम्पन्न स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनबाट आफूले रोजेका प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने नागरिक अधिकारको वैधता र सुनिश्चितता प्राप्त भएकामा खुसी व्यक्त गर्दै आयोगले निर्वाचनमार्फत निर्वाचित सम्पूर्ण जनप्रतिनिधि एवं निर्वाचनमा सहभागी सबैलाई हार्दिक बधाई ज्ञापन गरेको छ।

'निर्वाचन लोकतन्त्रको सार्थक अभ्यास गर्ने सबैभन्दा सशक्त माध्यम हो, लोकतान्त्रिक प्रणालीअन्तर्गत सम्पन्न हुने आवधिक निर्वाचनले नै प्रतिनिधिमूलक शासन व्यवस्थालाई संस्थागत र मजबुत बनाउँछ', सन्देशमा भनिएको छ। विसं २०१५ फागुन ७ गते नेपालमा आम निर्वाचन प्रारम्भ भई बालिग नेपाली मतदाताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै आज (फागुन ७ गते) हामी सातौं निर्वाचन दिवस उल्लासमय वातावरणमा मनाउँदै छ। यो वर्ष निर्वाचन आयोग तथा आम मतदाताका लागि पनि विशेष वर्षको रूपमा रहेकाले सातौं निर्वाचन दिवस पनि विशेष र अविष्मरणीय रहन गएको आयोगको भनाइ छ।

'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी निर्वाचनः शान्ति, स्थिरता, समृद्धि र सुशासन' भन्ने निर्वाचन आयोगको मूल मन्त्रलाई आत्मसात् गरी आयोगको नेतृत्वमा सबै सरोकारवालाको समन्वय, सहयोग, साझेदारी र सहकार्यमा स्थानीय तह सदस्य निर्वाचन वैशाख ३० गते र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, मंसिर ४ गते मुलुकभर एकै चरणमा सफलतापूर्वक सम्पन्न भएको छ।

यही फागुन २५ र चैत ३ मा हुने राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न भएसँगै नेपालको संविधान जारी भएपछिको दोस्रो कार्यकालका लागि सबै आवधिक निर्वाचनहरू पूरा हुने आयोगको विश्वास छ। आयोगले ' निर्वाचनमा सबै सधैं सँगै' भन्ने सातौं निर्वाचन दिवसका नारालाई सार्थक बनाउन सबैको निरन्तर सहयोग, साझेदारी, सहकार्य र समन्वय अझ मजबुत हुनेछ भन्ने विश्वास लिएको छ।

# राष्ट्रपतिद्वारा पशुपतिमा पूजा आराधना



**काठमाडौं/मस–** महाशिवरात्रीको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गरेकी छिन्। पूजा आराधनापछि पशुपतिनाथ मन्दिरका मूल भट्ट गणेश भट्टबाट राष्ट्रपति भण्डारीले प्रसाद ग्रहण गरेकी हुन्। यसअघि राष्ट्रपति भण्डारी पशुपतिनाथ मन्दिर प्राङ्गणमा आउँदा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, कोषका सदस्यसचिव डा. मिलनकुमार थापा, कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, परिषद्का सदस्यहरू, कार्यकारी निर्देशकलगायतका कर्मचारीले स्वागत गरेका थिए।

महाशिवरात्रीको अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गर्ने परम्परा रहिआएको छ।

महाशिवरात्रीको अवसरमा आइतबार बिहान ७ बजेसम्म पशुपतिनाथ मन्दिरका चारवटै ढोका खुला रहने कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए।

महाशिवरात्रीको अवसरमा गोबर्द्धन मठका शङ्कर आचार्य निश्चलानन्द सरस्वतीसहित पाँच हजार साधुसन्त पशुपति क्षेत्रमा आएको कोषले जनाएको छ। पशुपति क्षेत्रमा महाशिवरात्रीको अवसरमा पाँच हजार सुरक्षाकर्मी र चार हजार स्वयंसेवक खटाइएको छ।

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

# शिवालयमा दर्शनार्थीको भिड



महाशिवरात्रीको अवसरमा रौतहटको धार्मिकस्थल शिवनगर महादेव स्थान र कर्णाटकालिन शिव मन्दिर पतौरामा जल चढाउने दर्शनार्थीको भिड लागेको छ।

विगतका वर्षाहरुमा झैं यस पटक पनि जिल्लाको प्रसिद्ध ठाउँ शिवनगर महादेव मन्दिरमा हजारौं कमरथुवाले शनिबार जल चढाएका छन्।

त्यसैगरी रौतहट, सर्लाही, बारा र पर्साबाट आएका हजारौं महिला पुरुषलगायत लाखौं भक्तजनहरु बिहानैदेखि जलार्पण गर्न लामबद्ध भएका थिए। शिवालयहरुमा पूजा गर्न जाने भक्तालुहरूमा अधिकांश महिला देखिन्थे। श्रीमानको लामो आयु र आत्मसन्तुष्टिका लागि पूजा आराधना गर्ने आएको शिव मन्दिर शिवनगरका महन्त कृष्णदेव गिरीले बताए।

लम्हा खोला किनारस्थित शिवनगरको शिव मन्दिर रौतहटकै प्रसिद्ध धार्मिक स्थल मध्ये एक हो। यो शिवालय वर्षौंदेखि भक्तजनको लागि आकर्षणको केन्द्र बन्दै गएको छ। मन्दिरमा साउने सोमबार धूमधामसँग बोल बम पर्व मनाउने गरिन्छ।

त्यसैगरी महाशिवरात्रिका दिन तथा हरेक आइतबार र अन्य चाडपर्वमा समेत मन्दिर दर्शन गर्ने दर्शनार्थीको घुँइचो लाग्ने र विशेष गरी महाशिवरात्री पर्वको दिन शिवनगरको शिव मन्दिरमा भगवान् शिवको पूजा आराधना गर्नका लागि रौतहटसहित छिमेकी देश भारतको बिहारदेखि मानिसहरू दर्शन गर्नका लागि आउने गरेको मन्दिरको प्रमुख महन्त कृष्णदेव गिरीले बताए।

मेलाको सुरक्षाको लागि करिब ५ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको ईलाका प्रहरी कार्यालय गरुडाका डिएसपी छेदिलाल कमतीले बताए।

उता मौलापुरस्थित पुरातात्विक महादेव मन्दिर पतौरामा पनि बिहानैदेखि भारतीय भोजपुरी पावर स्टार पवन सिंह तथा नायिका काजल राघवानी लगायत टिकटक स्टारहरुलाई हेर्न घुइँचो लागेका थिए। हजारौं वर्ष पुरानो र जमिन उत्खननको क्रममा शिव मन्दिर फेला परेको हुनाले पतौरा मन्दिरमा पनि आकर्षण बढेको नाच देख्नेहरु बताउँछन्। शनिबार भएको पतौरास्थित मेलामा सुरक्षाको कडा व्यवस्था मिलाइएको ईलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक नन्दकिशोर चौहानले बताए। पतौरामा जारी मधानी मेलामा पनि दर्शनार्थी कम नाच हेर्न हजारौं व्यक्तिको सहभागिता रहेको थियो।

शिवनगरको मेलामा स्वास्थ्य शिविर तथा दर्शनार्थीको लागि शुद्ध खानेपानी र प्याक पर्ने ठाउँमा शौचालयको समेत प्रबन्ध मिलाएको नगरप्रमुख जयसवालले बताए। मेलालाई शान्ति सुरक्षा दिनको लागि दुधियाभार, देवाही गोनाही र समनपुर बेस क्याम्पका सशस्त्र प्रहरी र ईलाका प्रहरी कार्यालयका शिवनगर र ईलाका प्रहरी कार्यालय गरुडाकासमेत प्रहरीहरुले शान्ति सुरक्षा प्रदान गरेको थियो।

# मौलापुरकी मेयर साहलाई कारबाही

नेकपा एमाले मधेश प्रदेश समितिको सचिवालयको बैठकबाट मौलापुर नगरपालिका प्रमुख रिना साहलाई कारबाही गरेको छ। मेयर साहसहित १० जनालाई कारबाही गरिएको नेकपा एमाले जिल्ला सचिव रुपेस पटेलले जानकारी दिए।

उनकाअनुसार एमालेले साहलाई मेयर पदबाट निलम्बन हुने गरी नेकपा एमालेको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको हो।

प्रमुख साह आम जनता पार्टीका अध्यक्ष प्रभु साहकी श्रीमती हुन्। प्रमुख साहलाई पार्टीविरुद्ध गतिविधि गरेको भन्दै यसअघि दुई पटक एमालेले स्पष्टीकरण सोधेको थियो। उनले स्पष्टीकरणको जवाफ नदिएपछि पार्टीबाट ३ महिनाका लागि निलम्बन गरिएको एमाले मधेश प्रदेश समितिले जनाएको छ।

# हाम्रो संस्कृतिमाथि हमला भयोः मन्त्री यादव

**शहबाज खान/मध्यान्ह**
दाङ, ६ फागुन



लुम्बिनी प्रदेशका उद्योग, पर्यटन विकास तथा यातायात व्यवस्था मन्त्री जानकी प्रसाद यादवले राजनीतिक उथलपुथलका कारण हाम्रो संस्कृतिमाथि हमला भएको बताएका छन्।

शनिबार दाङ घोराहीस्थित धारापानीमा शिवरात्रीको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले सनातन हिन्दु धर्म मान्ने नेपालीहरूले हिन्दु धर्ममा विश्वास गर्दै आएको भएता पनि केही वर्षदेखि भएको राजनीतिक उथलपुथलले हाम्रो संस्कृति माथि हमला भएको बताए।

'हामी हिन्दु हौं। सनातन हिन्दु धर्म मान्ने नेपालीहरूले हिन्दुत्वमा विश्वास राख्छौं। हाम्रा मन्दिरका मुक्तिहरु तोडिए। हामी जुन सुकै राजनीतिक दलमा भएपनि जुन दलमा आस्था राखे पनि हामी हिन्दु हो। हामीले हिन्दु धर्मलाई गर्व गर्छौं। विश्वको सबै भन्दा एक नम्बरको धर्म हिन्दु हो' उनले भने।

यसैगरी उनले मानिस जन्मदा हिन्दु धर्म भएर जन्मिने गरेको भएयता पनि पछि लोभ वा प्रलोभनमा परेर धर्म परिवर्तन गर्ने गरेको पनि उल्लेख गरे।

धर्म भनेको संस्कृतिसँग जोडिएको हुने भएकाले जुन देको संस्कृति राम्रो हुन्छ। त्यसले त्यस देशको जनतालाई सम्य बनाउने पनि बताए। 'जुन घरमा संस्कृति छैन्, संस्कार छैन्। त्यो घर परिवारको जीवनस्तर राम्रो हुँदैन। त्यसैले हामी नेपालीले संस्कृति र संस्कारलाई मान्नु पर्छ' उनले भने।

उनले धारापानी मन्दिरमा धर्मशालाको आवश्यकता रहेको भन्दै त्यसका लागि मन्त्रालयले सहयोग गर्ने समेत बताए। 'यो मन्दिरले लुम्बिनी प्रदेशलाई आर्थिक रुपमा समृद्धि बनाउने छ। यहाँका नागरिकहरूको जीवन स्तर माथि उठ्ने छ। त्यसले यस मन्दिरलाई व्यवस्थापन गर्न जरुरी रहेको छ' उनले भने।

उनले लुम्बिनी प्रदेश देश कै महत्वपूर्ण मन्दिरहरू रहेको प्रदेश रहेको पनि उल्लेख गरे। 'लुम्बिनी पनि यहि प्रदेशमा पर्दछ। स्वर्गद्वारी मन्दिर पनि यही प्रदेशमा रहेको छ। विश्व कै अग्लो त्रिशूलका रुपमा चिनिएको मन्दिरमा यहि छ। यस्ता धेरै संस्कृति तथा पर्यटकीय स्थलहरू रहेका छन्। सबैलाई व्यवस्थापन गरेर पर्यटन व्यवसायलाई सफल बनाउन सकेमा लुम्बिनी प्रदेश छिट्टै नै समृद्धि प्रदेश बन्छ,' उनले भने। यस्तै उनले आफू जुनसुकै पार्टीबाट मन्त्री बनेको भएयता पनि प्रदेशको विकासमा कुनै विभेद नगर्ने समेत बताए।

उनले प्राकृतिक सम्पदाहरूको पहिचान गरेर मन्त्रालयमा आउन समेत आग्रह गरे। उनले यो देशलाई माथि उठाउने पर्यटन र कृषि रहेको पनि बताए। महाशिवरात्रीको अवसरमा घोराहीस्थित रणसिंह दलको नेपाली सेनाको एक समुहले सलामी समेत अर्पण परेको थियो। उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री जानकी प्रसाद यादवलगायतका प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायतका सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो।

## राष्ट्रपतिको...

कांग्रेसको रणनीति देखिन्छ। राष्ट्रपतिका विषयमा तीन दलका तीनथरी कुराले सत्ता गठबन्धनमा अप्ठ्यारो छ। माओवादीले कांग्रेसलाई राष्ट्रपतिमा सहयोग गरेमा गठबन्धन धरापमा पर्ने सम्भावना पनि उत्तिकै छ। तर, राष्ट्रपतिमा कांग्रेसकै उम्मेदवार निर्वाचित भएमा प्रचण्ड नेतृत्वको सरकार ढल्छ या कांग्रेसको सहारा लिएर जोगिन्छ भन्ने निश्चित छैन।

प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एमालेका अध्यक्ष केपी ओलीबीच दैनिक संवाद भए पनि उपलब्धिमूलक बन्न नसक्दा अनिश्चय थप बढेको नेताहरु बताउँछन्। भेटमा ओलीले पुस १० गते भएको सहमतिबारे प्रचण्डलाई स्मरण गराउँदै आएका छन्। प्रचण्डले पनि कांग्रेसलाई समेत मिलाएर लैजाने कुरा गरेका छन्। यही कारण दुई नेताबीच संवाद फलदायी बन्न नसकेको हो। तथापि, शुक्रबार अपरान्ह ओलीसँगको भेटपछि बालकोटबाट बाहिरिने क्रममा प्रचण्डले दुई तीन दिनमा राष्ट्रपति उम्मेदवारबारे सहमति जुट्ने दाबी गरेका थिए। उनले गठबन्धन टुट्ने या भत्किने सम्भावना नरहेको जिकिर गरेका थिए। शुक्रबारको भेटमा पनि प्रचण्डले राष्ट्रपतिमा साझा उम्मेदवार उठाउन प्रस्ताव गरेका थिए। तर, ओलीले पुस १० को सहमतिअनुसार एमालेले उठाएको उम्मेदवारलाई निःशर्त सघाउनुपर्ने बताएका थिए।

प्रधानमन्त्री प्रचण्डका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल दुई नेताबीच खुलेरै छलफल भइरहेकाले उम्मेदवार मनोनयनको दिनसम्म कुनै सहमतिमा पुगिने विश्वास व्यक्त गर्छन्। 'कुरो जहाँको त्यहीँ छ, तर्क र बहस खुलेरै भएको छ, डराएर होइन', गजुरेलले भने, 'पोजेटिभ पक्ष भनेको दुई नेताबीचको संवाद चलिरहेको छ।'

फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनका लागि फागुन १३ गते उम्मेदवार मनोनयको कार्यतालिका छ। राष्ट्रपति निर्वाचनमा कांग्रेस उम्मेदवारलाई समर्थन गरेमा सहकार्य टुट्ने चेतावनी एमालेले दिएको छ।

एमाले स्थायी कमिटीका सदस्य शेरबहादुर तामाङ प्रधानमन्त्री बन्दाको समयमा गरिएको सहमति कार्यान्वयनमा माओवादी इमानदार बन्नुपर्ने बताउँछन्। उनी भन्छन्, 'पुस १० को सहमति एमालेको राष्ट्रपति भन्ने हो। राजनीतिक इमानदारितामा माओवादी र प्रचण्डको सुझबुझपूर्ण कदमको अपेक्षा गरिरहेका छौं।'

## अब..

यी व्यवस्थासहितको प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले प्रतिनिधिसभा नियमावली २०७९ पारित गरेको छ। पारित गरेको नियमावली यही फागुन १० गते बस्ने बैठकमा प्रस्तुत गर्ने तयारी छ।

## निजामती...

थालेको छ। मन्त्री मोदीको सचिवालयका अनुसार संघीय निजामती ऐनलाई समयसापेक्ष रूपमा परिस्कृत गर्दै चालु अधिवेशनमै लैजाने छलफल भएको हो।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी भन्छन्, 'विधेयक चालु अधिवेशनमै जान्छ। लगेको विधेयक पारित गर्न राजनीतिक सहमतिको प्रयास पनि जारी छ।'

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संघीय निजामती सेवा ऐन संशोधन विधेयकमाथि संसदमा झण्डै तीन वर्ष बहस र छलफलमा रह्यो। तर, पारित हुन सकेन।

संघीय निजामति सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको उक्त विधेयक २०७५ माघ २७ गते तत्कालीन सरकारले संसद् सचिवालयमा दर्ता गरेको थियो। तर सो विधेयकमाथि छलफल भएपनि प्रक्रियागतरुपमा अघि बढ्न सकेको थिएन।

विगतमा संघीय निजामती विधेयक पारित गराउने प्रयास सफल नहुनुको कारण थियो - विधेयकप्रति कर्मचारीको चासो, माग, प्रदेश अधिकारलगायत विषयमा राजनीतिक दलहरूको असहमति। यही कारण निजामति सेवा विधेयक अगाडि बढ्न सकेको थिएन्।

यसपटक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समेत यो विधेयकमा चासो देखाएका छन्। उनले विधेयक अगाडि बढाउन निर्देशन समेत दिएका छन्। त्यसपछि विभागीय मन्त्री अमनलाल मोदीले ऐनसँग सम्बन्धि सरोकारवाला निकायसँग छलफल जारी राखेका छन्।

कर्मचारीको जनशक्ति व्यवस्थापनको हिसाबले सो ऐन २०७२ मा संविधान जारी भइसकेपछि आउनुपर्ने थियो। ऐन नआउँदा कर्मचारी समायोजन रोजेर स्थानीय तहमा गएका कर्मचारीहरूको निवृत्तिभरण, सेवा सुविधा, विभागीय सजाय, राजीनामा दिए स्वीकृत गर्ने जस्ता विषय अन्योलमा परेका छन्। यी समस्या सम्बोधन हुने गरि नै विधेयक पारित हुने अधिकारीकारीहरु बताउँछन्।

## आज...

त्यस्तै सबै सरकारी निकाय, प्रतिष्ठान, संघसंस्था, कार्यालयमा राष्ट्रिय झन्डा फहराउने तथा फागुन तीन दिन साँझ दीप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ। सार्वजनिक निकाय र स्थलहरूको सरसफाइ गरी सम्भाव्य स्थानमा राष्ट्रिय झन्डा राखी सजावटसहित सौन्दर्यीकरण अभिवृद्धि गर्न पनि मन्त्रालयको परिपत्रमा उल्लेख गरिएको छ। सञ्चारमाध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित सन्देशमूलक कार्यक्रम प्रकाशित तथा प्रसारित गर्ने र दिवस केन्द्रित सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्रसम्बद्ध सिर्जनात्मक तथा रचनात्मक प्रतियोगिताका कार्यक्रम आयोजना गर्न मन्त्रालयले सबै निकायलाई आग्रह गरेको छ।

पूर्वराजा ज्ञानेन्द्र शाहले पनि प्रजातन्त्र दिवसको शुभकामना दिएका छन्। उनले दलहरुको व्यवहारप्रति रोष समेत प्रकट गरेका छन्। देश जोगाउन प्रजातन्त्रको लागि अपरिहार्य राजनीतिक दलहरू र लामो समय देशभक्तिपूर्ण ऐतिहासिक विरासत बोकेको राजसंस्था आएर आपसी विश्वासका साथ सहकार्यको लागि विलम्ब गर्न नहुने उनको भनाइ छ।

राष्ट्रिय प्रजातन्त्र दिवसको पूर्व सन्ध्यामा शुभकामना सन्देश जारी गर्दै शाहले देशको दीर्घकालीन शान्ति ,स्थिरता र अन्तर्राष्ट्रिय सम्मान र सार्वभौमिकतामा चिरा चिरा पर्न थालेको प्रति चिन्ता व्यक्त गरेका छन्। 'राज्यसत्ताको बागडोर ज-जसका हातमा दोहोरिँदै तेहरिँदै आए पनि वा फेरिँदै बदलिँदै गए पनि हाम्रो विद्यमान राज्य व्यवस्थाले जनताको सुख, शान्ति र राष्ट्रले श्रीसमृद्धिमा कुनै गहन योगदान दिन सकेको देखिन्न' उनले भनेका छन्।

## राहदानीमा...

राहदानी बनाउने मात्रै नभएर राहदानी नवीकरण गर्न अनलाइन प्रणालीबाट विवरण भरेर इनरोलमेन्ट गर्नसमेत समस्या हुने गरेको उनीहरुले बताएका छन्। राहदानीको फारम भर्न नै बिदा लिएर बस्नुपर्ने कतिपयको गुनासो छ।

यता साउदी अरेबियास्थित नेपाली दूतावास रियादमा राहदानी बनाउन जानेहरूको संख्या बढेपछि दूतावासमा कार्यालय भ्याइनभ्याइको अवस्था उत्पन्न भएको बताइएको छ। भुगोलको दृष्टिकोणले अत्यन्तै फराकिलो रहेको साउदी अरबमा राहदानी बनाउन टाढादेखि धाएर दूतावास पुग्नुपर्ने बाध्यताले नेपाली कामदारलाई आर्थिकरूपमा समेत खर्चिलो बनेको बताइएको छ।

राहदानी बनाउन आएकाहरुलाई कार्यालय समय सकिएपछि दूतावासले सेवा दिने गरेका कारण भने आफूहरूलाई सन्तोष मिलेको नवलपरासीका राम तमुले बताए।

# दिवङ्गत आत्मशान्तिका लागि महायज्ञ

## विमान दुर्घटना



**काठमाडौं/मस-** यती एयरलाइन्सले गत माघ १ गते पोखरामा भएको विमान दुर्घटनामा ज्यान गुमाउने यात्रुको दिवङ्गत आत्माको शान्तिको कामना गर्दै पशुपतिनाथ मन्दिर परिसरमा तीनदिने महायज्ञ सम्पन्न गरेको छ। धार्मिक गुरु एवं ज्योतिषी पुस्कर खतिवडाको अगुवाइमा आचार्य लक्ष्मीप्रसाद खतिवडाको नेतृत्वमा शङ्कराचार्य पीठ वेदवेदाङ्ग पाठशाला, झापाका ब्राह्मण तथा गुरुद्वारा गरिएको महायज्ञ यही फागुन ४ गतेदेखि शुरु भई शनिबार शिवरात्रिको दिनमा सम्पन्न भएको हो। महायज्ञमा एयरलाइन्सका सम्पूर्ण विमानको समेत पूजा गरिएको थियो।

विमान दुर्घटनाका कारण यात्रुका आफन्तजनमा पर्न गएको पीडाबोध महसुस गरी उनीहरुमा धैर्यधारण गर्नसक्ने शक्ति प्राप्त होस् र दिवङ्गत भएकाहरुको आत्माले शान्ति प्राप्त गरून् भन्ने उद्देश्यले हिन्दू परम्पराअनुसार शिवरात्रिका अवसरमा महायज्ञ गरिएको एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए।

## सेनाको स्थापना दिवस

# सैनिक मञ्चमा हर्ष बढाइँ, मादलमा विश्व रेकर्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन



नेपाली सेनाले शनिबार २ सय ६० औं स्थापना दिवस मनाएको छ । दिवसको अवसरमा सैनिक मञ्च टुँडिखेलमा विशेष समारोहका बीच युद्धकला, शिवरात्री परेड, तोप बढाइँ, कवाज र आतिसबाजी प्रदर्शन गरिएको छ ।

नेपाली सेनाले मुलुकभर विविध कार्यक्रम गरी आफ्नो स्थापना दिवस मनाएको हो । सो अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे, का.मु. प्रधानन्यायाधीश हरिकृष्ण कार्की, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना लगायत मन्त्री र सरकारका उच्च पदस्थ व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

महाशिवरात्री तथा सेना दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा नेपाली सेनाले विशेष कला प्रदर्शनी गरेका थियो ।

राष्ट्रपति भण्डारीले सो अवसरमा त्यहाँस्थित सैनिक स्मारकमा पुष्पहार अर्पण गरेकी थिइन् । हेलिकोप्टरबाट राष्ट्रिय झण्डासहित सेना दिवसको ब्यानर प्रदर्शनी र पुष्पवृष्टि गरिएको थियो । सेना दिवसका अवसरमा सैनिक मञ्चमा परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायत विविध सैनिक कला र सांस्कृतिक कार्यक्रम सञ्चालन भएका थिए । भारतीय सेनाको गोर्खा रेजिमेन्ट र बेलायत आर्मीको टोलीद्वारा व्याण्ड प्रस्तुति समेत भएको थियो ।

जंगीअड्डा मातहत मुलुकका विभिन्न भागमा तैनाथ पृतना, बाहिनी, गण, गुल्मलगायत निकायमा यो दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाली सेनाको संगठन प्रमुखमा हाल प्रधानसेनापति प्रभुराम शर्मा छन् । नेपाली सेनाले महाशिवरात्रीको दिनलाई सेना दिवसको रूपमा मनाउँदै आएको छ ।

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा नेपाली सेना सन् १९५८ देखि संलग्न रहँदै आएको छ । शान्ति स्थापनाका लागि सेना खटाउने मुलुकको सूचीमा नेपाल अग्रणी स्थानमा पर्दछ ।

**मादलमा विश्व रेकर्ड**

नेपाली सेनाले एकैपटक पाँच सय ५५ वटा नेपाली मौलिक बाजा मादल बजाएर विश्व कीर्तिमान कायम गरेको छ ।

महाशिवरात्री तथा सेना दिवसका अवसरमा शनिबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहमा प्रधानसेनापति प्रभुराम शर्मालाई सेनाले मादलमा कायम गरेको कीर्तिमानको प्रमाणपत्र वर्ल्ड बुक्स् अफ रेकर्डका नेपाल प्रतिनिधिले हस्तान्तरण गरे ।

सेनाले संगठन स्थापनाको दुई सय ६० औं वार्षिकोत्सवका अवसरमा टुँडिखेलमा यही फागुन ४ गते ५ सय ५५ वटा मादल बजाएर विश्व रेकर्ड कायम गरेको प्रमाणपत्र संस्थाका नेपाल प्रतिनिधि सागर कटुवालले हस्तान्तरण गरेका हुन् ।

मादल नेपाली समाजमा अत्यधिक प्रयोगमा आउने बाजामध्ये प्रमुख मानिन्छ । दसैं, तिहार, संक्रान्ति, देउसी, भैलो, जात्रालगायतका अरू विभिन्न चाडपर्वमा सबै जाति र समुदायले अपनत्व ग्रहण गर्ने साझा बाजाका रूपमा मादललाइ लिने गरिन्छ ।

वर्ल्ड बुक्स् अफ रेकर्डका नेपाल प्रतिनिधि सागर कटुवालले मुलुकभरबाट जम्मा भएका सेनाका मादल वादकले कायम गरेको रेकर्डको प्रमाणपत्र हस्तान्तरण गरिएको जानकारी दिए ।

# पर्यटन प्रवर्द्धन गर्न पदमार्गको खोजी

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ६ फागुन




लमजुङको दोर्दी गाउँपालिकाको नौथर सेरा, ईलमपोखरी, लिपे, दाम्राङ हुँदै नौथरसेरा पदमार्ग प्रवर्द्धन गर्न खोजी तथा अनुसन्धान कार्य अगाडि बढाइएको छ ।

पहाडी जिल्ला लमजुङस्थित दोर्दी गाउँपालिकामा रहेको यस पदमार्गको प्रवर्द्धन गर्न शुक्रबारदेखि दोर्दी गाउँपालिका र पर्यटन व्यवसायीले पदयात्रा गर्दै खोज तथा अनुसन्धान गर्न थालिएको हो ।

यहाँ पर्यटकीय सम्भावना उच्च रहेकाले यस पदमार्गलाई पर्यटकीय गन्तव्य बनाउन अनुसन्धानमा स्थलगत खटिएर लागेको दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताए । उनले भने, 'यस पदमार्गलाई पर्यटकीय पदमार्ग बनाउँदै पर्यटक आकर्षित गर्न सकेमा यहाँका स्थानीयको आर्थिक तथा रोजगार हुने र समृद्ध पालिका निर्माणमा समेत सहयोग पुग्नेछ ।' दोर्दी गाउँपालिकाको सहयोगमा ट्रेकिङ एजेन्सी एसोसियसन अफ (टान) गण्डकी प्रदेश समितिको आयोजना तथा नेपाल पर्यटक बोर्डको प्रवर्द्धनमा शुक्रबारदेखि आगामी सोमबारसम्म उक्त कार्य जारी रहने बताइएको छ । यस यात्रामा गाउँपालिकाका अध्यक्ष अधिकारी, उपाध्यक्ष विच्छबहादुर घले, टान गण्डकी प्रदेश समितिका अध्यक्ष धर्मराज पन्थी, नेपाल माउन्टेरियन एसोसिएसन, गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्मा, व्यवसायी लगायत २५ जनाको सो टोलीले चक्रीय पदमार्गको यात्रा थालेका हुन् ।

उक्त टोलीले चक्रीय पदमार्ग, पर्यटकीय सम्भावना तथा भौगोलिक अवस्थाबारे अध्ययन अवलोकन गरिने बताइएको छ । टान गण्डकीका उपाध्यक्ष कृष्णप्रसाद आचार्यले यस कार्यक्रमको संयोजन गर्दै यात्रा अगाडि बढाइरहेका छन् ।

चक्रीय पदमार्गको पहिलो दिन शुक्रबार नौथरसेराबाट इलमपोखरीमा पुगेर क्याम्पिङ गरेका थिए । शनिबार त्यहाँबाट हिडेर 'लिपे लेक' मा पुगेर त्यहाँ क्याम्पिङ गरेर बास बस्ने र आइतबार दाम्राङ पुग्ने योजना रहेको गाउँपालिका अध्यक्ष अधिकारीको भनाइ छ । दोर्दी गाउँपालिकाले पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता राखेसँगै ओझेलमा परेका र सम्भावित पर्यटकीय क्षेत्रहरुको खोजी तथा अनुसन्धानलाई तीव्र बनाउन दिन थालेको हो । यससँगै यहाँका पर्यटकीय क्षेत्रहरु जुर्माउन थाल्दा पर्यटन व्यवसायीहरु उत्साहित बनेका छन् ।

# इन्जा फोटो पत्रकारिता पुरस्कार श्रेष्ठद्वयलाई

**काठमाडौं/मस-** नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सन्जाल (इन्जा)ले यस वर्षदेखि शुरु गरेको इन्जा फोटो पत्रकारिता पुरस्कार लामो समयदेखि कार्यरत २ जना फोटो पत्रकारलाई प्रदान गर्ने निर्णय गरेको छ । फोटो पत्रकारिताको माध्यमद्वारा नेपाली समाज तथा आम नागरिकलाई सुसूचित गराउदै आएका वरिष्ठ फोटो पत्रकार नरेन्द्र श्रेष्ठ र सुरेशकुमार श्रेष्ठ (सुरज श्रेष्ठ)लाई इन्जा फोटो पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय गरेको इन्जा ग्लोबलका अध्यक्ष गुणराज लुइँटेलले जानकारी दिए ।



विक्रम् सम्वत २०५२ सालदेखि नेपाल समाचारपत्रबाट फोटो पत्रकारिता शुरु गरेका नरेन्द्र श्रेष्ठले कान्तिपुर पव्लिकेसन, लस एन्जलस टाइम्स, न्यूर्योक टाइम्स, टाइम्स म्यागजिन, गार्डियन डेली, टेलिग्राफ युके, इन्डिपेन्डेन्ट युके, फाइनान्सियल टाइम्स, वालस्ट्रीट जर्नल,द टाइम्स लण्डन,डाइ वेल्ट,नेशनल ज्योग्राफी, वाशिंगटन पोष्ट लगायतका सञ्चार माध्यममा काम गरिसकेका छन् । त्यसैगरी पुरस्कृत हुने अर्का फोटो पत्रकार सुरेशकुमार श्रेष्ठ(सुरज श्रेष्ठ)ले पोखरालाई आफ्नो कार्यक्षेत्र बनाएर फोटो पत्रकारितालाई निरन्तरता दिँदै आएका छन् । उनी २०६२ सालबाट फोटो पत्रकारितामा संलग्न छन् । जनही रु. ५० हजार राशीको उक्त पुरस्कार इन्जाको स्थापना दिवस मार्च १ अर्थात फागुन १७ गते प्रदान गरिने इन्जा ग्लोवलका सचिव दीपक रिजालले बताए ।

# जिप दुर्घटनामा दुई जनाको मृत्यु



डोटी/मस- डोटीको केआईसिंह गाउँपालिका १ लोलीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दिपायलबाट घाँटलायाका लागि छुटेको सु.प.प्र.०१२३००१ च ३३२ ९ नम्बरको जिप लोलीमा शुक्रबार राति दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो भने अन्य ६ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय डोटीका अनुसार दुर्घटनामा परी मृत्यु हुनेहरुमा केआईसिंह १ महादेवका ३६ वर्षका चालक गोविन्द शाही र केआईसिंह २ जारिमभाडीका ४१ वर्षका धनबहादुर तिरुवा रहेका छन् । दुर्घटनामा केआईसिंह गाउँपालिका डुम्राकोटका २७ वर्षीय तेज तिरुवा, उनकी श्रीमती २६ वर्षीया राधा तिरुवा, समिर तिरुवा, सुरज तिरुवा, लक्ष्मी तिरुवा र मिन लुहार घाइते भएका छन् ।

घाइतेको दिपायल राजपुरमा रहेको सुजङ अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय डोटीले जानकारी दिएको छ ।

# एनआरएनए कतारले एकसाथ मनायो आदिवासी जनजातिका राष्ट्रिय पर्वहरु

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ फागुन




गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले आदिवासी जनजाति समुदायको राष्ट्रिय चाड पर्वहरू एकमुष्ट रूपमा मनाएको छ ।

संघले माघ्या सकराटी (मिनाम सार ल्हेस)/चासोक तङनाम/तमू ल्होछार/साकेला उँधौली/मञ्जुश्री संवत् २८५९ सोनाम ल्होछार/माघी/जितियापर्व/रापावाश्यादर पिदार/येले संवत् ५०५३/प्हुगाल पारिम/म्हः पूजा/ल्यापव दुक्षेन/लदि कोशीपूजा/ग्याल्पो ल्होछार/सिरुवा पावुन/नयाँ खुवा/लिःल ल्होछार/को अवसरमा शुभकामना आदान-प्रदान तथा विविध सांस्कृतिक कार्यक्रम भव्य र सभ्य रूपमा एकीकृत रूपमा मनाएको हो ।

संघका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा महासंघमा आबद्ध विभिन्न सामुदायिक संस्था तथा कतारमा स्थापित अन्य थुप्रै संघ संस्थाका अध्यक्ष तथा पदाधिकारीको आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि ढकालले यस्तै सामूहिक कार्यक्रमले सद्भाव र भावनालाई जोड्ने बताए । सामुदायिक रूपमा पर्व मनाउँदा खर्च कम हुने बताए । ढकालले पछिल्लो अपडेटअनुसार कतारमा ३ लाख ६४ हजार ५०० नेपाली कार्यरत रहेको डाटा दूतावाससँग रहेको बताउँदै प्रत्येक नेपालीले दिनमा १ रियाल कम खर्च गर्ने हो भने पनि करोडौं बचत हुने र देशमा त्यो रकम पुग्दा अर्थतन्त्रमा ठुलो टेवा पुग्ने बताए ।

कार्यक्रममा एनआरएनए आइसिसीसहित कतारमा स्थापित विभिन्न संघ संस्थाका पदाधिकारीहरूले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले सामूहिक कार्यक्रमले आत्मीयता तथा भाइचारा वृद्धि सँगसँगै पर्यटनका लागि पनि प्रचार प्रसार हुने बताए । आदिवासी जनजाति महासंघ कतार तथा महासंघमा आवद्ध मातृ संस्थाहरूले संयुक्त रूपमा आफ्नो परम्परा अनुसार आयोजक तथा कार्यक्रमका सभापति, र विशिष्ट अतिथिहरूलाई खादा तथा फेटाद्वारा सम्मान गर्दै कोसेली प्रदान गरेका थिए ।

शेर्पा समुदायको संस्कार झल्किने गरी सेब्रु नृत्य, नेवाः पुच कतारले मौलिक नृत्य, सुनुवार सेवा समाजद्वारा आफ्नो समुदायको संस्कृति झल्कने श्यादरशिल नृत्य, किराँत राई यायोक्खा शाखा कतारले आफ्नो समुदायको साकेला झाँकी, मगर सघ शाखा कतारले हुर्रा तथा कौरा नृत्य, थारु कल्याणकारी समाज कतारले जोगीरा सरर गीतमा नृत्य, तमु (गुरुङ) समाज कतारका तर्फबाट मौलिक नृत्य, किराँत याकथुङ चुम्लुङले पनि आफ्नो (केलाङ) च्यापदुङ नाच, नेपाल प्रवासी तामाङ समाज कतारले आफ्नो झाँकीसहित नृत्य, प्रवासी भुजेल समाजले पनि आफ्नो झाँकी सहित नृत्य प्रस्तुत गरेको थियो ।

कार्यक्रममा गुना मगर, सलिना गुरुङ, वनिता राई, सरला तामाङ, गौतम लिम्बु, विमल लिम्बु र सुर्जेबहादुर तामाङले आफ्नो गायनमार्फत दर्शकलाई नचाउन सफल भए । त्यस्तै जीवन खालिङ राईले हाँस्य नृत्य पेश गरेका थिए ।

संघका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक जैवी चाम्लिङ राईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको बारेमा जानकारी दिएका थिए भने आदिवासी जनजाति गीतबाट विधिवत रूपमा सुचारु भएको कार्यक्रमको सञ्चालन संघका सचिव रबिन मगरले गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले जनजाति महासंघको मातृ संस्थालाई सहकार्य तथा समन्वयका लागि धन्यवाद दिँदै कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# उपराष्ट्रपतिबाट कलाकारहरु सम्मानित

**काठमाडौं/मस-** सेलेब्रेटी मेकअप आर्टिष्ट टेकराज पाण्डे शुक्रबार उपराष्ट्रपति निवासमा आयोजित एक कार्यक्रममा सम्मानित भएका छन् ।

राज मेकअप स्टुडियोका प्रमुख तथा मेकअप आर्टिष्ट पाण्डेलाई चलचित्र उद्योग र नेपाली कला संस्कृतिको क्षेत्रमा योगदान दिएवापत सम्मान गरिएको हो ।

ब्राण्ड यू पिक्चर्स प्रा.लि. र तारकेश्वर कला प्रतिष्ठानको प्रस्तुतिमा निर्माण भएको ग्लोवल टेलिभिजनमा प्रसारण हुँदै आएको टेलिचलचित्र 'अब जे होला होला'को ५२ औं भाग पुगेको अवसरमा आयोजित कार्यक्रममा लामो समयदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित सेलिब्रेटी मेकअप आर्टिष्ट पाण्डेलाई कार्यक्रमका प्रमुख अतिथि उपराष्ट्रपति नन्द किशोर पुन, ब्राण्ड यु पिक्चर्स प्रा.लि. र तारकेश्वर कला प्रतिष्ठानका प्रमुख एवं वरिष्ठ कलाकार उत्तम केसी, ग्लोवल टिलिभिजनका प्रमुख प्रभुराम श्रेष्ठ तथा तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले सम्मान प्रदान गरेका थिए ।

सोही कार्यक्रममा वरिष्ठ अभिनेत्री वसुन्धारा भुषाल, अभिनेत्री भुवन चन्द, अभिनेत्री चैत्य देवीलगायत टेलिचलचित्रमा आवद्ध कलाकार तथा प्राविधिकहरुलाई पनि सम्मान प्रदान गरिएको थियो ।

# बसपार्कमा लुटपाट गर्ने ४० जनामाथि अनुसन्धान शुरु

काठमाडौं/मस- फागुन १ गते नयाँ बसपार्कस्थित लोत्से मलमा तोडफोड गरी लुटपाट गर्ने तथा प्रहरीको सवारी साधन आगजानीमा संलग्न ४० जनालाई प्रहरीले पक्राउ गरेको छ । यातायात मजदुरका नाममा प्रहरीका दुईवटा भ्यानमा आगो लगाउने, लोत्से मल तोडफोड गर्ने तथा मोबाइल लुटपाटमा संलग्न भएको आरोपमा उनीहरुलाई प्रहरीले शुक्रबार साँझ पक्राउ गरेको थियो ।

आन्दोलनकारीले लोत्से मलमा अर्जुन चालिसेले सञ्चालन गरेको एसिडिसी मोबाइल प्रालि, डायमन्ड मोबाइल प्रालि र गजेन्द्र न्यौपानेले सञ्चालन गरेको काठमाडौं सुपर मार्केट प्रालिमा तोडफोड गरी मोबाइल, चार्जर, रिचार्ज, एयरफोनलगायत सामग्री लुटपाट गरेका थिए ।

उनीहरुले प्रहरी वृत्त बालाजुको बा२झ १४४ नंको स्कार्पियो र बा १ झ ७२२४ नंको गाडीसमेत जलाउनुका साथै बालाजु र माछापोखरी चोकको ट्राफिक आयल्यान्डमा क्षति पुऱ्याएको प्रहरीको आरोप छ । आन्दोलनका क्रममा बालाजु चोकको अस्थायी प्रहरी पोष्टमा समेत आगो लगाइएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक सीताराम रिजालले आगजानी र तोडफोडमा संलग्न २९ र मोबाइल लुटपाटमा संलग्न ११ जनालाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी दिए । 'प्रहरीको भ्यान आगजानी गर्ने र मल तोडफोड गरी चोरी गर्ने अन्य केही व्यक्तिको पहिचान भइरहेको छ, उनीहरुलाई पनि चाँडै नियन्त्रणमा लिन्छौँ', प्रवक्ता रिजालले भने ।

नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनलगायतको नेतृत्वमा भएको आन्दोलनले उग्र रुप लिँदा उक्त घटना भएको थियो । घटनामा अधिकांश व्यक्ति चालक, सहचालक, विद्यार्थी र विभिन्न होटल तथा रेष्टुराँका कामदार छन् ।

लुटपाटमा संलग्नलाई मुलुकी अपराधसंहिता (ऐन), २०७४ परिच्छेद २० चोरी तथा डाँकासम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गर्नाका साथै आगजानी तथा तोडफोड गर्नेलाई मुलुकी अपराधसंहिता (ऐन) को परिच्छेद २६ को दफा दुई सय ८५ बमोजिम आपराधिक उपद्रो गर्न नहुने कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता रिजालको भनाइ छ ।

काठमाडौं महानगरपालिका-२६ स्थित लोत्से मलमा मोबाइल पसल सञ्चालक चालिसेले राज्यले क्षतिपूर्ति दिनुपर्ने माग गरे । मलका सञ्चालक इञ्जिनियर दीपक कुँवरले सरकारले व्यवसायको सुरक्षा गर्न नसकेको गुनासो गरे । मल महानगरपालिकासँग सम्झौता गरी सञ्चालन भएको बताउँदै व्यवसाय र व्यावसायीको सुरक्षा गर्नु राज्यको जिम्मेवारी भएको उनको भनाइ छ । 'मल तोडफोड हुँदा छ करोड क्षति भएको छ भने मोबाइल लुटपाटबाट झन्डै १५ करोड क्षति भएको छ, यसको क्षतिपूर्ति कसले दिने ?' उनले प्रश्न गरे ।

# बर्दघाटमा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुँदै

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ६ फागुन

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका वडा नं १४ कुन्जनपुरस्थित सरस्वती माध्यमिक विद्यालयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ ।

प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको निर्णय अनुसार नगरपालिकाको वडा नं. १४ कुन्जनपुरस्थित सरस्वती माध्यमिक विद्यालयमा यहि फागुन ८ देखि तेस्रो नगरस्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ ।

नगरपालिकाभित्रका सम्पूर्ण समुदायिक तथा संस्थागत विद्यालयहरुलाई सहभागिताको लागि अनुरोध समेत गरिएको छ ।

आयोजक विद्यालय प्रधानाध्यापक सोमनाथ अधिकारीका अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययन गरिरहेका १८ वर्ष मुनिका विद्यार्थीहरुलाई मात्र खेलकुद प्रतियोगितमा सहभागी हुन सक्ने छन् ।

विद्यालयको परिचय पत्र अनिवार्य रुपमा लिएर आउन समेत प्रधानाध्यापक अधिकारीले बताए । प्रतियोगितामा सहभागी हुनको लागि फागुन ७ गते ४ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितमा खेलाडीको नाम दर्ता गराउँदा फाराममा विद्यार्थीको फोटो टाँसेर प्रधानाध्यापकले विद्यालयको छापसहित प्रमाणित गरी जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीसहित पेश गर्नुपर्ने छ ।

सहभागी खेलाडी विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा कक्षा ८ को ग्रेडसिटमा उल्लेखित जन्म मितिलाई आधार मानिने छ ।

खेलाडी विद्यार्थीको वैधता सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक स्वयं जवाफदेही हुने छन् । प्रतियोगितमा सहभागी खेलाडी एथ्लेटिक्सतर्फ छात्र/छात्रा दुवै इभेन्टमा एक जना खेलाडीले एक ट्रयाक दुई फिल्ड तथा एक फिल्ड दुई ट्रयाक इभेन्ट मात्र खेल्न पाउने र रिलेमा भने मान्य नहुने जनाइएको छ । प्रतियोगितामा सहभागी हुने प्रत्येक विद्यालयबाट प्रधानाध्यापक खेल शिक्षक तथा सहभागी खेलाडी विद्यालयको झण्डा र विद्यालयको पोसाकमा अनिवार्य रुपमा मार्चपासमा भाग लिनुपर्ने छ ।

यस्तै प्रतियोगितामा उत्कृष्ट मार्चपासलाई पुरस्कृत गरिने छ । सहभागी खेलाडी विद्यार्थीहरुका लागि खेल अनुसारको पोसाक सम्बन्धित विद्यालयले गर्नुपर्ने छ ।

प्रतियोगितमा प्रथम द्धितिय र तृतीय हुने विद्यालय र खेलाडीलाई पुरस्कार शिल्ड, मेडल, ट्रफी र प्रमाण पत्र प्रदान गरिने छ । रनिङ शिल्ड विजेतालाई पुरस्कारका साथै रनिङ शिल्ड समेत प्रदान गरिने छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अघिल्लो वर्षको शिल्ड विजयीलाई रनिङ शिल्डको रुपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ ।

तर लगातार तीन पटकसम्म रनिङ शिल्ड प्रतियोगितामा विजयी हुनेले सो शिल्ड राख्न पाउने छ ।

# ग्याँस लिक भएर आगलागी

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ६ फागुन



जुम्लामा ग्याँस लिक भएर एक घरमा आगलागी भएको छ । चन्दननाथ नगरपालिका वडा नम्बर ६ बसपार्कस्थित मेघराज न्यौपानेको घरमा आगलागी भएको हो । जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक धर्मराज जोशीकाअनुसार न्यौपानेको घरको तीन तले घरको ग्राउन्ड फ्लोरमा आगलागी हुँदा ४ वटा कोठा, गल्ली र माथिल्लो तला जाने भऱ्याङमा क्षति भएको छ । सो घरमा भाडामा बसेका नवराज खड्का खाना पकाउँदै गर्दा एक्कासी रेगुलेटरमा आगो निस्केर आगलागी भएको थियो । लिक भइरहेको आगो निभाउन खोज्दा ग्याँस सिलिन्डर ढलेर अन्य ठाउँमा आगो फैलिएको प्रहरीले जनाएको छ । प्रहरी निरीक्षक जोशीका अनुसार घटनाको जानकारी भएपछि स्थानीय, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र चन्दननाथ नगरपालिकाको दमकलले आगो नियन्त्रणमा लिएको थियो । आगलागीबाट घरको तल्लो तलामा रहेका लत्ता कपडा, भाडाकुँडा, अन्य सामानहरु जलेर नष्ट भएको छ । दिउँसोको तीन बजेको समयमा आगलागी भएकाले मानवीय क्षति हुनबाट जोगिएको हो । आगो नियन्त्रणमा लिएर अरु दुई तला क्षति हुनबाट जोगिएको प्रहरीले जनाएको छ ।

**५ जनाको उद्धार**

आगलागी भइरहेको समयमा दोस्रो र तेस्रो तलामा रहेका सरस्वती बुढा थापा, प्रमिला बुढा, कर्मकन्या हमाल, पूजा बुढा र माया लक्ष्मी बुढालाई उद्धार गरिएको थियो । उनीहरूलाई अर्को नयाँ निर्माण भइरहेको घरबाट भऱ्याङ लगाएर उद्धार गरिएको प्रहरीले जनाएको छ । स्थानीय गोपाल रोकायाले अन्तिममा छतमा रहेकी एक जना ज्येष्ठ नागरिक महिलालाई कठिन अवस्थामा उद्धार गरिएको बताए । उनका अनुसार दमकल समयमै त्यो क्षेत्रमा पुगे पनि बाटो नभएका कारण घर नजिक जान सकेको थिएन । तर न्यौपानेको घरको छेउमा रहेको कालीबहादुर बुढाको घरको ट्याङ्कीमा रहेको पानीले आगो निभाउन ठूलो सहयोग पुगेको थियो ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ फागुन २०७९, आइतबार
19 February 2023, Sunday

## सम्पादकीय

### देखिने प्रजातन्त्र बुझिने प्रजातन्त्र

आज सरकारी बन्दोबन्दीको साथ प्रजातन्त्र दिवस मनाइदैछ । २००७ सालमा जहानीय निरंकुश राणा शासन अन्त्य भएको सम्झना र उत्सवमा वर्षेनि प्रजातन्त्र दिवस मनाइने गरेको छ । यसपटक पनि तीन दिने सूचीसहित प्रजातन्त्र दिवस मनाउने सरकारी निर्णय छ । त्यही अनुसार सरकारी तवरमा प्रजातन्त्र दिवस मनाइदैछ । यस्तै प्रकृतिको लोकतन्त्र र गणतन्त्र स्थापना दिवस समेत मनाइने गरेको छ । २०६३ सालको जनआन्दोलन सफल भएको अवसरमा लोकतन्त्र दिवस र २४० वर्ष लामो राजतन्त्र अन्त्य भएको दिनलाई गणतन्त्र दिवस मनाइने गरेको छ । तर, यी तीन वटै दिवस सरकारी स्तरमा मनाइने गरेको छ ।

सार्वजनिक विदा दिएपनि निजी क्षेत्रबाट नागरिक अधिकार प्राप्तिको उत्सव मनाउने प्रचलन स्थापित हुन सकेको देखिदैन । समुदायिक विद्यालयहरूले विद्यार्थीहरूलाई प्रजातन्त्रबारे जानकारी दिन उत्सवलाई विभिन्न तरिकाले मनाउने गरेको पाइन्छ । तर अरू क्षेत्रबाट भने उत्सबकै रूप लिन सकेको देखिदैन । सरकारी तवरमा पनि औपचारिकतामा सीमित छ । मुख्य कुरा त प्रजातन्त्र दिवस मनाउने तरिकामा समेत परिमार्जन आवश्यक छ । सार्वजनिक विदा दिएर भन्दा पनि यसको औचित्व स्थापित हुनेगरी बहस गर्ने र नागरिकमा अनुभूति दिलाउने अरू गतिविधि गराउन बढी उपलब्धिमुलक हुन सक्छ ।

अझ प्रजातन्त्र दिवस मनाउने भन्दा पनि नागरिकको जीवनमा बुझिने कुरा धेरै हो । हाम्रा संस्थाहरू, सम्बन्धहरू र तिनका व्यवस्थाहरू तदनुरूप बनाउने कुरा मुख्य हो । राज्यका हरेक प्रबन्ध नागरिकलाई स्वतन्त्र र समृद्ध बनाउन केन्द्रीत हुन आवश्यक हो । तर मतदानबाट नेतृत्व चयन र वर्षमा एकपटक स्थापना दिवस मनाउने मात्रै प्रजातन्त्र जस्तो बनाउन खोजिएको छ । मतदानबाट नेतृत्व चयन पक्कैपनि एउटा आधारभूत प्रक्रिया हो । तर त्यसरी नियुक्त नेतृत्वले संवैधानिक व्यवस्था र नागरिकप्रति उत्तरदायी हुने कुरा चुनावी प्रक्रिया भन्दा पनि महत्वपूर्ण छ । भर्खरै मात्रै मुलुकमा आमचुनाव सम्पन्न भएको छ । चुनावी संसदीय गणितको जगमा सरकार बनेको छ । यी सरकारले नागरिकको जीवन परिवर्तन र स्वतन्त्रतालाई प्रमुख उद्देश्य बनाउदा मुलुकको लोकतन्त्र बलियो हुनेछ । यसको दोस्रो विकल्प छैन । लोकतान्त्रिक व्यवस्था बलियो बनाउने भनेको त्यही बमोजिमको राजनीतिक–संवैधानिक संस्कृति निर्माण गरेर हो । प्रजातन्त्र दिवसको शुभकामना !

# तामाङको आँखामा प्रजातन्त्र दिवस

*नेपालको हरेक आन्दोलनमा तामाङहरूको महत्वपूर्ण भूमिका, त्याग र आहुति भएका छन् । व्यवस्था फेर्ने सबै लडाइँमा होमिएका यी जातिलाई अझै पनि गोरूको मासु खायो भनेर मुद्दा लाउँछन् र कारागारमा राख्छन् । उनीहरूका जीवननै त्यहाँ सडाउँछन् ।*

अग्रलेख



● निष्णु थिङ

जहाँनिया राणा शासनले समाज आक्रान्त थियो । देशमा रहेका नागरिकलाई सामान्य मानवअधिकारसमेत थिएन । जसले नागरिक अधिकारका विषयमा बोल्थे, उनलाई झुण्ड्याइन्थ्यो र मृत्युदण्ड दिइन्थ्यो । चार शहीदहरुलाई सार्वजनिक फाँसी दिएर मृत्युदण्ड गरेको पनि एक दशक भइसकेको थियो । भारतमा दुई सयवर्षे अंग्रेजी उपनिवेशवादको विरुद्धमा भारत छोडो आन्दोलन चल्दै थियो । त्यो आन्दोलन सफल भयो । त्यतिबेला राष्ट्रिय मुक्ति आन्दोलनको ज्वारभाटा विश्वभरि उठेको थियो । त्यसको प्रत्यक्ष प्रभाव नेपालको राणा विरोधी आन्दोलनमा पनि पऱ्यो । हुन पनि भारतीय स्वतन्त्रता संग्राममा लागेकाहरु नै राणाशासनको विरुद्धमा होमिए । भारतबाट अंग्रेजको उपनिवेश ढल्ने बित्तिकै राणाशासनको जग हल्लिसकेको थियो । यस लेखमा तामाङको दृष्टिकोणबाट प्रजातन्त्रको आन्दोलन, उपलब्धि र प्रजातन्त्र दिवसको बारेमा विश्लेषण गरिनेछ ।

## मुक्तिसेनाको गठन

राणाको सेनाको विरुद्धमा लड्नलाई एक सशक्त सेनाको खाँचो थियो । त्यसैले मुक्तिसेनाको गठन गरियो । अमृत योन्जनले लेखे अनुसार, २००५ जेठ सात गते कोलकत्तामा नेपालीहरुको भेलाले जनमुक्ति सेनाको गठन गरेको थियो । (ओझेलमा तामाङ शहिदहरु) त्यसका तेइसजना कमाण्डरहरु थिए । तिनीहरु: पूर्णसिंह ठाकुर (अलराउण्ड कमाण्डर), ज्ञानबहादुर याक्थुम्बा (जि.ओ.सी.), दिलमानसिंह थापा मगर (इलाम), नरेन्द्र लामा (विराटनगर), श्यामकुमार तामाङ (विराटनगर, वीरगञ्ज), दिलबहादुर राई (विराटनगर), बुधसिंह गुरुङ (वीरगञ्ज), निर्मल लामा (सुर्खेत र दैलेख), डोनस ग्राङ्दन( विराटनगर), रुपनारायण प्रधान (विराटनगर), मानबहादुर राई (जेलमा), वीरजङ्ग घले, रामप्रसाद थापामगर, गुलाबसिंह थापामगर (जनकपुर), दिलबहादुर क्षेत्री (वीरगञ्ज), दानबहादुर क्षेत्री, छविलाल नेपाली, बाबुलाल मोक्तान, रामसिंह नेपाली, डिकबहादुर तामाङ (विराटनगर), हर्षवर्धन लामा (विराटनगर) र लोकबहादुर तामाङ (कैलाली) हुन् । (स्रोत: जनमुक्ति सेना एउटा नलेखिएको इतिहास, २०५६) यिनै कमाण्डरहरु देशको विभिन्न ठाउँ र भूगोलमा नेतृत्वमा थिए । यी तेइसजना मध्ये आठजना तामाङहरु थिए । तिनीहरु: नरेन्द्र लामा, श्यामकुमार तामाङ, निर्मल लामा, डोनस ग्राङ्दन, बाबुलाल मोक्तान, डिकबहादुर तामाङ, हर्षवर्धन लामा र लोकबहादुर तामाङ हुन् । आठजनाको करिब पैंतीस प्रतिशत हुन जान्छ । ती तेइसजनाले विभिन्न क्षेत्रको मोर्चा सम्हालेका थिए ।

## प्रजातन्त्रको स्थापना

राणाशासनको विरुद्धमा सशस्त्र आन्दोलन विराटनगरबाट प्रारम्भ भयो । इतिहासकार श्यामकुमार तामाङको अनुसार, त्यहाँ पहिलो शहीद नै तुलाराम तामाङ हुन गयो । तुलारामसँगै वीरगञ्जमा थिरबम मल्ला मारियो । ( जनमुक्ति सेना एउटा नलेखिएको इतिहास, २०५६) देशका विभिन्न शहर र ठाउँ ठाउँमा निकालेको आन्दोलन क्रमशः सफल हुदै उपत्यका घेर्दै आयो । अन्ततः राणाशासन ढल्यो र दिल्ली सम्झौतामार्फत् नेपालमा प्रजातन्त्र फागुन सात गते घोषणा भयो । देशमा प्रजातन्त्र बहाली भयो । त्यसपछि को प्रधानमन्त्री र तत्कालीन नेपाली कांग्रेस पार्टीको सभापति को बन्ने भन्ने रस्साकसी शुरु भयो । राजनीतिक दलको नेतृत्व कब्जा गर्ने होडबाजी चल्यो । प्रजातन्त्र ल्याउनको निम्ति ज्यान फालेर लागेका मुक्तिसेनाका कमाण्डरहरु किनारामा पर्न थाले । उनीहरुलाई उचित भूमिका दिइएन । विस्तारै सबैलाई लाखापाखा गरायो ।

## चाँदीको त्यो बन्दुक

सातसालमा नेपाली कांग्रेस र मुक्तिसेनाले आन्दोलन देशव्यापी छेडेपछि गाउँ गाउँमा कांग्रेसका कार्यकर्ताहरु छिरे । पंक्तिकारका आमा सुनमाया बज्यु स्मृति ओकल्छिन्, 'पत्थरकोट, सर्लाहीमा बस्ने विचारमान बज्युको घरमा कांग्रेसका नेताकार्यकर्ताहरु बास बस्न पुगे । त्यो क्षेत्रमा धनी मानिस भएको हुनाले बस्न खानको लागि कांग्रेसका मान्छेहरु त्यहाँ बसे । त्यहीँबाटै त्यो क्षेत्रमा कांग्रेसका गतिविधिहरु सञ्चालन गर्थे । त्यतिबेलाको डफ्फालाई उनको बाजेले पाल्नु पर्थ्यो रे ।' उनकै स्मृति अनुसार, छ महिनासम्म त्यहाँ त्यो डफ्फा बसेर खाँदा त्यो घरको सबै अनाज, खसीबोका, कुखुरा, भैंसी, राँगासमेत सबै सिध्याइयो । उनीहरुले जे भनेको त्यही मान्नु पर्ने थियो रे । कांग्रेसका मान्छे भनेपछि डर/त्रासको वातावरण थियो । छ महिनापछि जाने बेलामा त्यो डफ्फाले विचारमान बज्युको चाँदीको बन्दुक पनि लग्यो । बज्युसित दुईचारवटा बन्दुकहरु थिए रे । त्यतिबेला सरकारले बन्दुक राख्न अनुमति पत्र दिन्थ्यो । बज्युले आफ्नो त्यो बन्दुक नलैजान निकै अनुनय, विनय गरे रे । मीत पनि लगायो रे । बरु त्यसको सट्टामा अर्को लैजान अनुरोध गरे । तैपनि मानेनन्, लगेरै छाड्यो रे । उनी त्यो बन्दुकको लागि काठमाण्डौंमा पटक पटक गए, सर्लाहीको सदरमुकाम मलंगवा गए । सक्नेजति सबै प्रयास गरेपनि त्यो बन्दुक उनले फिर्ता पाएन । बज्युले जीवनको अन्तिमकालसम्म गुनासो गरिरहन्थे रे । त्यत्रो छ महिनासम्म त्यतिका मान्छेलाई पाले, जानेबेलामा कम्तिमा मेरो त्यो बन्दुक नलगेका भयो हुन्थ्यो, भन्थ्यो रे । कांग्रेसका सेनाको त्यस्तो चर्तिकला देखेरै होला, गाउँघरमा कसैलाई गालीगलौज गर्दा, 'तेरो घरमा कांग्रेस पसोस्' भन्ने कथन नै छ ।

## पहिलो आमनिर्वाचन

पहिलो आम निर्वाचन वि.स.२०१५ सालमा सम्पन्न भयो । त्यसमा नेपाली कांग्रेसले दुई तिहाइ मतसहित सरकार बनायो । वि.पी.कोइरालाको नेतृत्वमा प्रथम जननिर्वाचित सरकार बन्यो । तत्कालीन नेपाली कांग्रेसले सो निर्वाचनमा एकजना तामाङलाई संसदमा लगेन । मन्त्रिपरिषदमा त झनै लाने कुरै भएन । सात सालको आन्दोलनको जगमा उभिएको नेपाली कांग्रेसले त्यत्रो योगदान गरेको तामाङलाई कतै पनि स्थान दिइएन । बरु सातसालको आन्दोलन सफल भए पश्चात् तत्कालीन नेपाली कांग्रेसको नेतृत्वले तामाङहरुलाई क्रमशः राजनीतिक भूमिकामा निस्तेज गर्दै लग्यो भनेर पंक्तिकारलाई श्यामकुमार तामाङले बताएका थिए । श्यामकुमारको भनाइ अनुसार, 'मुक्तिसेनाको कसैलाई पनि तत्कालीन नेपाली कांग्रेसले कुनै राजनीतिक भूमिका नै दिइएन, सबैलाई राजनीतिक वृत्तबाट बाहिर पुऱ्याएका थिए । त्यसैले सत्रसालमा राजाको 'कु' हुँदासम्म ती कमाण्डरहरु कोही पनि कांग्रेससित नभएकोले सशक्त प्रतिवाद गर्न सकेन । कांग्रेस त्यतिबेलासम्म मुक्तिसेनाविहीन अपाङ्ग भइसकेको थियो ।' श्यामकुमारका विचारमा राजा महेन्द्र गद्धीआरोहण भए लगत्तै उनले 'कु' गर्ने रणनीतिक योजना बनाएर तत्कालीन नेपाली सेनामा ज्ञानबहादुर याक्थुम्बाको राम्रो पकड भएकोले उनलाई राजाले म्यानमारको राजदूत बनाएर पठाएका थिए रे । त्यसपछि सेनामा आफ्नो प्रभाव जमाउन थालेका थिए ।

## राजा, पञ्चायत र गणतन्त्र

जननिर्वाचित सरकारलाई अपदस्त गरेपछि राजा महेन्द्रले राजनीतिक सत्तामा उलटपुलट गरे । उनले प्रहरीको प्रमुखको जिम्मेवारीमा पहलसिंह लामालाई (२०१८) बनाए । लामा सातसालमा नेपाली कांग्रेसको पक्षबाट विराटनगरमा होमिएका थिए । तैपनि राजाले त्यत्रो विश्वास गरे । त्यसैगरी, राजा वीरेन्द्रको पालामा डि.बि.लामालाई पुन: प्रहरीको प्रमुख बनाइयो । त्यसैगरी, तिलकबहादुर नेगीलाई मन्त्री बनायो । उनी प्रथम तामाङ मन्त्री हुन् । अर्को, बुद्धिमान तामाङलाई वि.स.२०३८ सालमै गृहमन्त्री बनाइयो । दावाफिन्जो लामालाई वि.स.२०३८ सालमै राष्ट्रिय पञ्चायतको उपाध्यक्ष बनाइयो ।

उदाहरणको लागि सर्लाहीमा पञ्चायती व्यवस्था रहन्जेल त्यहाँका बीसपच्चीसवटा गाविसहरुमा तामाङहरुले जित्दै आएका थिए । तर जब बहुदलीय व्यवस्था शुरु भयो, त्यो संख्या क्रमशः घट्दै गएर उपमेयरमा खुम्चिन पुगेका छन् । वडामा पनि अहिले हम्मेहम्मे भएको छ ।

बहुदलीय व्यवस्था ल्याउनको लागि विभिन्न दलहरुबाट, नागरिक समाजको तर्फबाट, जातीय संगठनहरुमार्फत वि.स.२०४६ सालमा भिडे । त्यसैगरी, माओवादी आन्दोलनमा पनि लागे । नेपाल सरकारको शान्ति मन्त्रालयको तथ्यांकमा उल्लेख भए अनुसार नौसय चौधजना बाह्र सय तामाङहरुले त्यसमा ज्यान गुमाएका छन् । (ओझेलमा तामाङ शहीदहरु) लगत्तै दोस्रो आन्दोलनमा सात दल र माओवादी, नागरिक समाज सबै उत्रिदा ललितपुरका अनिल लामाले शहादत प्राप्त गरेका थिए ।

नेपालको हरेक आन्दोलनमा तामाङहरुको महत्वपूर्ण भूमिका, त्याग र आहुति भएका छन् । व्यवस्था फेर्ने सबै लडाइँमा होमिएका यी जातिलाई अझै पनि गोरुको मासु खायो भनेर मुद्दा लाउँछन् र कारागारमा राख्छन् । उनीहरुका जीवननै त्यहाँ सडाउँछन् । लोकतन्त्रसम्म आइपुग्दा उनीहरुको जीवनमा खासै केही तात्विक भिन्नता आएको छैन । लोकतन्त्रको उज्यालो करिण तामाङ बस्तीमा अझै पुग्न सकेको छैन । राज्यले अझै उचित स्थान दिइदैन ।

## प्रजातन्त्र दिवसको महत्व

सात सालको आन्दोलनको पहिलो दिन गोले काँइला (तुलाराम तामाङ) शहीद भएका थिए । त्यसरी प्राणको आहुती दिएर ल्याएको प्रजातन्त्रले झनै सीमान्तिकृत गर्न थाले । लोकतन्त्रमा त झनै सीमान्तिकृत भएका छन् । यो प्रजातन्त्र र लोकतन्त्र सबैको हुन सकेको छैन । निश्चित जातिको हालीमुहाली र वर्चश्वलाई निरन्तरता दिने लोकतन्त्रको लागि पक्कै लडेका थिएन । पञ्चायतको तीस वर्ष र बहुदलको तीस वर्षलाई तामाङको नजरबाट हेर्दा पञ्चायतले जति तामाङलाई उचित सम्मान र ठाउँ दिएको देखिदैन । सर्लाहीमा वि.स.२०२८ सालमा श्रीकण्ठ शर्माको एकल शक्तिशाली आयोगले तामाङको जोतभोगको हजारौं बिघा जमिनको लालपुर्जा अरुलाई दिदा राजाकोमा अन्याय भएको विन्ती बिसाउने बित्तिकै शर्मालाई राजा वीरेन्द्रले भविष्यमा सरकारी सेवामा अयोग्य हुनेगरी कारवाही गरेको थियो । अहिले पनि तामाङलाई राज्यले मासिन्य मतवालीको नजरले हेर्छन् र त्यस्तै व्यवहार गर्छन् । तामाङको भाषा र संस्कृति, जग्गाजमिनमाथि राज्यको दमन कायम नै छ । विकासको नाममा बोझेनीमा त्यही भइरहेको छ । विद्युतीय स्टेशनको नाममा हजारौं तामाङलाई उठिबास लाउन राज्य कस्सिएकै छ । सुनकोशी उच्च बाँध परियोजनाले पनि लाखौंलाई उठिबास गर्नेवाला छ । निचोडमा, तामाङको लागि अझै यो देशमा न प्रजातन्त्र न त लोकतन्त्र आएको छ । प्रजातन्त्रदेखि लोकतन्त्रलागि गरिएको संघर्षमा उनीहरुले बगाएको रगतको कुनै मूल्यांकन भएको छैन । यस्तो आफैलाई सिध्याउने भष्मासुरे प्रजातन्त्र र लोकतन्त्रको लागि तामाङ अग्रजले आहुति दिएका थिएनन् । तामाङहरु छिर्न नपाउने साँघुरो प्रजातन्त्र र लोकतन्त्रको मार्गलाई फराकिलो बनाउन आवश्यक छ । सातसालमा प्रजातन्त्रको लागि लडेका श्यामकुमार तामाङको दुई वर्ष अगाडि भएको मृत्युमा नेपाली कांग्रेसको केन्द्रीय कार्यालय र सरकारले एउटा शोक विज्ञप्ति समेत जारी नगर्ने प्रजातन्त्र तामाङहरुले खोजेका होइनन् ।

लेखक तामाङ राष्ट्रिय पुस्तकालयका बोर्ड सदस्य हुन् ।

## सामाजिक सञ्जाल



- डा. जागेश्वर गौतम

स्वदेशमै बर्नको उपचार गर्न नेताले पहल गर्नुपर्छ भन्दा कटाक्ष्य गर्ने पार्टीका कार्यकर्ताले वीर अस्पतालमा फेरि बर्न वार्ड शुरू गर्ने डा. सन्तोष पौडेलको प्रयासमा सघाउलान कि नाइँ ? झोलेहरूको उल्टो बुद्धिले अस्पताल सुधृन गार्हो भो ।



- डा. रामेश्वर कोइराला

दामभन्दा नाम र 'प्यासन'ले प्लास्टिक सर्जन बनेका शंकर, किरण, संदेश र जयनहरू रिटायर्ड भएपछि अलिअलि बाँकी रहेको बर्न उपचार पनि ठप्प हुनेछ । यो अझ भयानक यथार्थ हो । राजधानीसमेत जलन उपचारकालागि शंकर राईहरूको पहलमा बनेको गैरसरकारी किर्तिपुर अस्पतालमा भर पर्दा सरकारलाई कस्तो नपोलेको ?



- नवरथ बानियाँ पिएचडी

बर्न सेन्टर भएको कीर्तिपुर अस्पताल सरकारी अस्पताल होइन । देशमा आर्मी, पुलिस, सशस्त्र अस्पताल, निजामती अस्पताल, शिक्षक अस्पताल आदि बनाउने होडबाजी छ । तर, बर्न स्पेसियालिटी हस्पिटल बनाउने चासो कसैलाई छैन । अध्ययन पनि गर्दैन । परेपछि ठूलाबडा बिदेश जान्छन् । मर्ने त निमुखा जनता न हुन् !



- सुदीप खनिया

३ ले नपुगेर चौथो इन्टरनेशनल एअरपोर्टको सपना देख्छौं, दर्जनौं अरू एअरपोर्ट, भ्युटावर र स्वागत गेटमा फुर्मास गर्छौं ! तर दुखका साथ भन्नुपर्छ – देशमा एउटा स्तरीय बर्न अस्पताल बनाउन कोही पनि कहिल्यै सपना देख्दैनौं !



- ओमप्रसाद उपाध्याय

वीर समशेरको कान्छि रानीलाई एसिड छरेर उपचारको ब्यबस्था नहुँदा तत्काल हालको वीर अस्पताल स्थापना गरिएको हो । हाल सम्म वीर अस्पताल शिक्षण अस्पतालमा बर्न जलेको उपचार गर्ने अत्याधुनिक बर्न यूनिट छैन । । सरकार तत्काल निर्णय गरी अत्याधुनिक बर्न युनिट बनाऔं ।

# नेपालमा अस्पतालको अवस्था र परनिर्भरता

विचार



● झलक शर्मा

सरकारले मन्त्रिपरिषदको विस्तार गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मा पदम गिरीले पाएका छन् । पर्वत जिल्लाबाट पहिलो मन्त्री बन्न सफल रहेका गिरीले स्वास्थ्य क्षेत्रमा केही सुधार गर्ने आश्वासन बाँडेका छन् । मन्त्री बनेकै दिन राजधानीका केही अस्पतालको अनुगमन गरी सुधारका लागि दिएको निर्देशन प्रशंसानीय छ । यति बेला प्रतिनिधि सभा सदस्य डा. चन्द्र भण्डारी ग्याँस चुहावटबाट भएको आगलागीबाट घाइते भएपछि उपचारका लागि भारतको मुम्बई स्थित नेशनल बर्न सेन्टरमा लगिएको छ । सोही आगलागीबाट उनकी आमाको निधन भएको छ ।

नेपालमा कीर्तिपुर स्थित फेक्ट नेपाल नामक गैरसरकारी संस्थाबाट सञ्चालनमा रहेको कीर्तिपुर अस्पताल एक मात्र जलन उपचार अस्पतालको रुपमा रहेको छ । उपचार क्षमता कम रहेका कारण उपचारका लागि भारत लैजान स्वयम् अस्पतालले सिफारिस गरेको थियो । नेपालमा सरकारी तवरको जलन उपचार अस्पताल छैन । यसले राज्यको स्वास्थ्य क्षेत्रको प्रयास, अस्पतालको वास्तविक अवस्था र क्षमतालाई देखाँउछ ।

उपचारको अभावले कोही पनि मर्न नपरोस् भन्ने वाक्यलाई शिरोपर गरेका स्वास्थ्यमन्त्री गिरीलाई समग्र मुलुकलाई स्वस्थ बनाउने चुनौती रहेको छ । नेपाली सरकारी अस्पतालहरुको सेवा प्रवाह प्रभावकारी छैन । सेवा लिदा महँगो मूल्य तिर्नु पर्ने तर सेवा विश्वासनीय नहुनु नै समस्याको जड बनेको छ । ग्रामीण भेगमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सकिएको छैन । बजार क्षेत्रमा भएका स्वास्थ्य संस्थाहरु निकै अस्त व्यस्त छन् । निजी अस्पताल गरिब, निमुखावर्गको पहुँचमा छैन । सरकारी अस्पतालबाट गुणस्तरीय सेवा उपलब्ध छैन । जटिल प्रकृतिका रोग उपचारका लागि राजधानी धाउनु पर्ने बाध्यता छ ।

बिरामीले चिकित्सकलाई आफ्नो समस्या देखाउन लामो लाइन बस्नु पर्ने र अधिक समय खर्च गर्नु पर्ने स्थिति छ । स्वास्थ्य संस्थामा पर्याप्त आवश्यक मेशिनरी उपकरण, औजारहरु नहुँदा बिरामीको ल्याब रिपोर्टहरु तोकिएको समयमा आउँदैन । सरकारी अस्पतालमा डाक्टरहरु समयमा भेटिदैनन् । भेटिए पनि बिरामीको गुनासो सुन्न चाहेको देखिदैन । बिरामीलाई घुमाउरो शैलीमा आफ्नो निजी क्लिनिकमा आउन आग्रह गर्छन् । एकातर्फ औषधि कम्पनीहरुले डाक्टरलाई कमिशनको लोभ देखाएर कम गुणस्तरीय औषधिहरु औषधालयमा बिक्रीवितरण गर्ने तथा विरामीलाई भिडाउने गरेको गुनासो बेलाबखतमा सार्वजनिक भएका छन् । स्वास्थ्य क्षेत्रमा बेला बेलामा अनावश्यक राजनीति भित्रिएको छ । यस क्षेत्रमा पनि बन्द हड्ताल जस्ता क्रियाकलापले स्थान पाएका छन् । यसको प्रत्यक्ष असर भने सर्वसाधारण बिरामीलाई नै पर्ने गरेको छ । सरकारसँग माग राख्ने दुख बिरामीलाई दिने वातावरण देखा परेका छन् ।

स्वास्थ्य क्षेत्र अत्यन्त संवेदनशील क्षेत्र हो तर बेला बेलामा गैरजिम्मेवारीपन र असंवेदनशील भएको पाइन्छ । कोरोना महामारीमा त केही स्वास्थ्य संस्था, डाक्टर तथा स्वास्थ्यकर्मीले आफ्नो पेशागत आचरण र मूल्य मान्यता नै परिपालना नगरेको देखिएको थियो । राज्यलाई परेको यस्तो विषम् परिस्थितिमा फ्रन्ट लाइनमा खटिएका स्वास्थ्यकर्मीको योगदानलाई भने हामीले कहिल्यै बिर्सनु हुदैन । आफ्नो ज्यानको बाजी राखी अहोरात्र बिरामीको सेवामा खटिनु नै निकै प्रशंसनीय छ । जनगुनासो सुन्ने र सुधार गर्न खोज्ने परिपाटीको विकास नै हुन सकेको छैन । अस्पतालको सोधपुक्ष कक्षबाट प्राप्त जानकारी पाइदैन । आवश्यक जानकारी प्राप्त नगर्दा बिरामी भौतारिइ रहनुपर्ने स्थिति छ । बिरामीले आफूले कुन कुन कक्षमा डाक्टरसँग परीक्षण गर्ने, कुन स्थानमा ल्याब टेस्ट गर्ने, आफूले सेवा प्राप्त गरे बापत कति रकम खर्च बेहोर्नु पर्ने हो यी लगायतका विषयहरुमा अनविज्ञ हुनु परेको अवस्था छ । अत्याधिक भिडका कारण स्वास्थ्यकर्मी, अस्पतालका कर्मचारीहरुबाट रुखो व्यवहार सहनु परेको छ । सामान्य प्रकृतिको बिरामीले अस्पतालमा ठूलै समस्या झेल्नु पर्छ ।

निरन्तर चेकजाँच गर्नुपर्ने दीर्घरोगका बिरामीहरुले आवश्यक परेको खण्डमा तुरुन्त चेकजाँच गर्न कठिन पर्छ । ग्रामीण भेगबाट उपचार गर्न आएका बिरामीले धेरै रकम खर्चनु पर्ने अवस्था छ । डाक्टरको सिफारिस गरेको औषधि अस्पातालको प्रांगणमा रहेको फार्मेसीमा उपलब्ध हुदैनन् । अस्पतालमा नै औषधि नपाइए पछि निजी फार्मेसीमा महँगो मूल्यमा औषधि खरिद गर्नु परेको तितो यथार्थ हामी नेपाली सामु छ । बेलाबेलामा सञ्चालन हुने स्वास्थ्य शिविरबारे सर्वसाधारणलाई जानकारी नै हुदैन ।


नेपालको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने हो भने स्वास्थ्य संस्थामा आधुनिक उपकरण सहित विशेषज्ञ चिकित्सकको व्यवस्था गर्नुपर्छ । जनताले स्वास्थ्य सेवा लिदा राज्यले आफूलाई संरक्षण गरिरहेको छ भन्ने महशुस गराउनु पर्छ । स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै सेवाको विस्तार र प्रवर्द्धन गर्नुपर्छ । सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा निःशुल्क गराउनुपर्छ । सरकारले निःशुल्क वितरण गर्ने औषधिहरु सहज रुपमा उपलब्ध गराउनुपर्छ । स्वास्थ्यकर्मीमा पेशागत मूल्य मान्यता आचरण तथा अनुशासनको परिपालना हुनुपर्छ । जीर्ण रहेका अस्पतालको मर्मत सम्भार, क्षमता विस्तार गर्नुपर्छ । अस्पतालमा हुने भिडलाई कम गर्न आधुनिक अनलाइन प्रणालीबाट टिकट काट्न सकिने व्यवस्था गर्नुपर्छ ।

दुर्गम जिल्लाहरुमा डाक्टर नबस्ने प्रवृत्तिको अन्त्य गरी पर्याप्त तलब भत्ता र सम्मान उपलब्ध गराउनुपर्छ । स्वास्थ्य बीमामा केही प्रक्रियागत जटिलता देखापरेको हुँदा त्यस्ता जटिलता अन्त्य गरी यसको विस्तारमा जोड दिनुपर्छ । सङ्क्रामक रोगहरु कोभिड १९, झाडापखला, स्वाइन फ्लु लगायतको महामारी नियन्त्रणका लागि उपयुक्त मापदण्ड, योजना र स्वास्थ्य रणनीति तर्जुमा कार्यान्वयन र नियमन गर्नुपर्छ । स्वास्थ्य संस्थाहरुले सरसफाईमा विशेष जोड दिई सुन्दर र आकर्षक बनाउन सक्नुपर्छ । निजी स्वास्थ्य संस्थालाई सस्तो र सरल बनाई बिरामी ठगिने वा मारमा पर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ ।

स्वास्थ्य क्षेत्र मानवीय जीवनसँग सम्बन्धित छ । यसमा हुने सामान्य लापरबाहीले मानिसको स्वास्थ्यमा गम्भीर असर पर्छ । अस्वस्थ जनशक्तिबाट राज्य समृद्ध बन्न सक्तैन । तसर्थ समृद्ध नेपाल सुखी नेपालीको साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न स्वास्थ्य क्षेत्रलाई व्यवस्थित र जनमुखी बनाउनु आवश्यक छ ।

## तपाईको राशिफल

- मेष : स्थानान्तरण हुनेछ, धार्मिक कार्यहरूमा रूचि बढनेछ ।
- वृष : शुभ सन्देश प्राप्त हुन्छ, सन्तुलित आहार लिदा राम्रो हुन्छ ।
- मिथुन : जग्गा सम्बन्धी कार्यमा प्रगति हुनेछ,यात्राको योग छ ।
- कर्कट : पारिवारिक तनावको योग छ, नयाँ सोंच अनुसार काम हुनेछ ।
- सिंह : पद प्रभावमा वृद्धि हुनेछ, वाणीमा संयम् राख्नुहोला ।
- कन्या : भाग्यमा वृद्धि हुन्छ, घरमा पाहुना आउनेछ ।
- तुला : वाणी संयम् राख्नुहोला ,घरेलु सहयोग राम्रो रहन्छ ।
- वृश्चिक : शत्रु कमजोर हुन्छन, दैनिक जीवन सुखी रहनेछ ।
- धनु : नयाँ काम सफल हुनेछ ,चिन्ता गर्नु हुँदैन ।
- मकर : पुरानो कार्य सफल हुन्छ, व्यापारिक प्रगति राम्रो हुन्छ ।
- कुम्भ : अनावश्यक यात्रा गर्नु हुदैन, नौलो कार्य प्रारम्भ हुनेछ ।
- मीन : अरूको जिम्मा लिनु हुँदैन, प्रभाव बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बाइडेनद्वारा वायुमण्डलमा राखिन सक्ने शंकास्पद वस्तु पत्ता लगाउन निर्देशन



**काठमाडौं/एजेन्सी-** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई वायुमण्डलमा मानवरहित तरिकाले राखिन सक्ने शंकास्पद वस्तुहरू पत्ता लगाउने संयन्त्रको विकास गर्न निर्देशन दिएका छन् ।

ह्वाइट हाउसले ट्वीटरमा उल्लेख गरेअनुसार राष्ट्रपति बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई अमेरिकी आकाशमा मानवरहित वायुजन्य वस्तुहरू पत्ता लगाउने संयन्त्र स्थापना गर्न निर्देशन दिएका हुन् । राष्ट्रपति बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई मानवरहित सम्भावित वायुजन्य वस्तुहरूको सूची तयार पार्न र यी वस्तुहरू पत्ता लगाउने क्षमता सुधार गर्न थप उपायहरू अवलम्वन गर्न समेत निर्देशन दिएका छन् ।

अमेरिकी आकाशमा हालै देखिएका शंकास्पद वस्तुहरूबारे अमेरिकाको प्रतिक्रियाका विषयमा टिप्पणी गर्दै राष्ट्रपति बाइडेनले गुप्तचर निकायले विगतका दिनहरूमा खसालेका तीन वस्तुहरू चीनको निगरानी प्रणालीसँग सम्बन्धित रहेको वा नरहेको बारे थप अनुसन्धान गर्न समेत निर्देशन दिएका छन् ।

यसैबीच राष्ट्रपति बाइडेनले चिनियाँ राष्ट्रपति सी चिनफीङसँग वार्ता गर्ने अपेक्षा गरेको पनि उल्लेख गरेका छन् । खुफिया निकायको पछिल्लो अनुसन्धान अनुसार ती वस्तुहरू प्रायः निजी कम्पनीहरू वा मौसम अध्ययन गर्ने वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने संस्थाहरूसँग सम्बन्धित बलुनहरू थिए । गत फेब्रुअरी ४ मा चीनले मुख्यरूपमा मौसम विज्ञानको अनुसन्धानका लागि प्रयोग गरिएको नागरिक हवाई जहाज भएको दाबी गरेको विशाल बलुनलाई एक हप्तासम्म देशमा घुमाएपछि खसालेको अमेरिकाको दाबी छ ।

राष्ट्रपति बाइडेनले केही समयअघि देखिएका ती तीन वस्तुहरू चिनियाँ जासुस बलुन कार्यक्रमसँग सम्बन्धित हुन् वा अन्य कुनै देशको निगरानी संयन्त्रसँग सम्बन्धित हुनसक्छन् भन्ने बारे थप अनुसन्धान आवश्यक रहेको बताएका छन् । उनले अमेरिकाले आफ्नो आकाशमा देखेका हरेक मौसमी बेलुनलाई गोली हान्ने त छैन तर ती जासुसीसँग सम्बन्धित छन् वा छैनन् त्यसबारे भने गम्भीर अध्ययन अनुसन्धान भने गर्ने बताएका छन् ।

उनले यदि कुनै वस्तुले अमेरिकी जनताको सुरक्षामा खतरा उत्पन्न गर्छ भने त्यसलाई नियन्त्रण गर्न अमेरिका सक्षम हुने पनि उनले दाबी गरेका छन् । राष्ट्रपति बाइडेनले ती तीन वस्तुहरू कुनै निजी कम्पनी, मनोरञ्जन वा अनुसन्धान संस्थाहरू, मौसम अध्ययन वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने बेलुनहरू पनि हुन सक्ने बताएका छन् । 'अमेरिकाले चीनसँग नयाँ शीतयुद्ध चाहिरहेको छैन । हामी पनि चीनसँग घनिष्ट संलग्नता चाहान्छौं,' राष्ट्रपति बाइडेनले भने । अमेरिकी कूटनीतिज्ञहरू चिनियाँ समकक्षीहरूसँग निरन्तर सम्पर्कमा रहेर चीनका राष्ट्रपतिसँग संवाद जारी राख्ने राष्ट्रपति बाइडेनको धारणा छ ।

# श्रृङ्खलाबद्ध गोलीकाण्डमा मिसिसिपीमा ६ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** मिसिसिपीको टेट काउन्टीमा शुक्रबार भएको श्रृङ्खलाबद्ध गोलीकाण्डमा कम्तीमा छ जनाको मृत्यु भएको छ । घटनामा संलग्न रहेको आशंकामा एक जनालाई नियन्त्रणमा लिइएको पनि स्थानीय अधिकारीले बताएका छन् ।

सो घटना अर्काबुतला समुदायमा भएको थियो । टेट काउन्टी शेरिफ ब्राड लान्सले दिएको जानकारी अनुसार एउटा घटना अर्काबुतला रोडको स्टोर भित्र भएको थियो र सो घटनामा एक व्यक्तिलाई गोली हानिएको थियो ।

त्यसैगरी अर्काबुतला बाँध रोडमा रहेको घरभित्रै एक महिलाको पनि हत्या भएको र उनका श्रीमान् पनि घाइते भएको पाइएको छ । अर्काबुतला बाँध रोडमा एक सवारी साधनभित्र संदिग्ध व्यक्ति देकिएपछि टेट काउन्टीका प्रतिनिधिहरूले उनलाई नियन्त्रणमा लिएका छन् । उनको गिरफ्तारीपछि मारिएका थप अन्य चार व्यक्तिहरू फेला परेका छन् ।

यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले सो हिंसामा मारिएकाहरूप्रति शोक व्यक्त गरेका छन् । साथै राष्ट्रपति बाइडेनले बन्दुकसम्बन्धी कानूनमा सुधारको आवश्यकता समेत औंल्याएका छन् । घटनाबारे अनुसन्धान जारी रहेकाले विस्तृत विवरण आउन बाँकी छ ।

# आसाममा भीषण आगलागीबाट २ सय ५० पसल जलेर नष्ट



काठमाडौं/एजेन्सी- भारतको उत्तरपूर्वी राज्य आसामको एक बजारमा शुक्रबार भएको भीषण आगलागीमा झण्डै २ सय ५० पसल जलेर नष्ट भएका छन् । घटनामा कुनै हताहती भने भएको छैन । आसामको राजधानी शहर दिसपुरबाट २९९ किलोमिटर उत्तर पूर्वमा रहेको जोरहाट जिल्लाको चोक बजारमा बिहीबार राति आगलागी भएको हो ।

'हामीले चोक बजारमा भएको आगलागीमा २४६ पसल जलेर नष्ट भएको जानकारी पाएका छौं,' जोरहाटका डेपुटी कमिश्नर पुलक महन्ताले सिन्ह्वालाई बताएका छन् । अहिले आगो पूर्णतया नियन्त्रणमा आएको र कुनै मानवीय क्षति भने नभएको उनले बताएका छन् । अधिकारीहरूका अनुसार आगो नियन्त्रणमा लिन ५० वटा दमकल परिचालन गरिएको र आगो निभाउन करिब १० घण्टा लागेको थियो । प्रारम्भिक अनुसन्धानले एउटा पसलमा सर्ट सर्किट भई आगो लाग्दा अन्य पसलमा पनि फैलिएको थियो ।

आगलागीका समयमा सबै पसलहरू बन्द रहेकाले कुनै मानवीय क्षति नभएको अधिकारीहरूले बताएका छन् ।

# अफ्रिकामा बढ्दो हिंसाप्रति राष्ट्रसंघ महासचिवद्वारा चिन्ता व्यक्त



काठमाडौं/एजेन्सी- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अफ्रिका महाद्वीपमा बढ्दो हिंसाविरुद्ध लड्न र लोकतान्त्रिक स्वतन्त्रताको प्रवर्द्धन र 'शान्तिका लागि कदम चाल्नुपर्ने' बताएका छन् ।

अदिस अबाबामा अफ्रिकी संघ (एयू) को वार्षिक शिखर सम्मेलनको उद्घाटन सत्रमा गुटेरेसले भने, 'प्रजातान्त्रिक गणतन्त्र कंगोको पूर्वी क्षेत्रमा सशस्त्र समूहहरूद्वारा हालै गराएका हिंसा र साहेल र अन्य ठाउँमा आतंकवादी समूहहरूको उदयप्रति म निकै चिन्तित छु ।'

प्रजातान्त्रिक गणतन्त्र कंगोको पूर्वी क्षेत्र, साहेल र अन्य क्षेत्रमा युद्धविरामका लागि अफ्रिकी नेताहरूले दबाब दिन बैठक गरिरहेका छन्, जहाँ एम २३ लडाकूले धेरै भूभाग कब्जा गरेको छ र किन्सासा र रुवान्डाबीच कूटनीतिक विवाद उत्पन्न गरेको छ, जसलाई विद्रोहीहरूलाई समर्थन गरेको आरोप लगाइएको छ ।

सन् २०२० देखि माली, गिनी र बुर्किना फासोजस्ता साहेल राष्ट्रमा 'कू' को लहर चलेको छ । गुटेरेसले भने, 'शान्तिका संयन्त्रहरू कमजोर हुँदै गएका छन् ।' संयुक्त राष्ट्रसंघका प्रमुखले अफ्रिकाले 'ठूलो परीक्षणको सामना गर्नुपरेको' बताएका छन् । लगभग हरेक मोर्चामा, 'महाद्वीपले युक्रेनमा रूसी आक्रमण र जलवायु परिवर्तनसहित उत्पन्न गर्ने धेरै संकटहरू'को सामना गरिरहेको थियो । उनले भने, 'जलवायु परिवर्तनको क्रुर प्रभावका कारण यस महादेश बाढी, खडेरी, अनिकाल र गर्मीको चपेटामा परेको छ ।'

शुक्रबार भएको छोटो सम्मेलनमा सात राष्ट्रको पूर्वी अफ्रिकी समुदायका नेताहरूले सबै सशस्त्र समूहलाई अर्को महिनाको अन्त्यसम्ममा पूर्वी डीआरसीको कब्जामा रहेका क्षेत्रहरूबाट फिर्ता हुन आह्वान गरेका छन् ।

गुटेरेसले शुक्रबार विशेषगरी कंगोको संकटबारे रूवान्डाका राष्ट्रपति पल कागामेसहित केही अफ्रिकी नेतासँग छलफल गरेका थिए । सेना निकट सरकार रहेका माली, बुर्किना फासो र गिनीले यस हप्ताको अन्त्यमा हुने शिखर सम्मेलनमा भाग लिन पाउने छैनन् । तर तीनै देशका कूटनीतिज्ञहरू अदिस अबाबामा पुनः सहभागीका लागि दबाब दिन पुगेका छन् ।

गुटेरेसले भने, 'बुर्किना फासो, गिनी, माली र सुडानमा नागरिक र लोकतान्त्रिक ढंगबाट निर्वाचित सरकारको पुनर्स्थापनाका लागि तपाईंको आह्वानलाई म समर्थन गर्दछु ।'

महाद्वीपका ५५ देशलाई एकै ठाउँमा ल्याउने दुई दिने शिखर सम्मेलनले स्वतन्त्र व्यापार सम्झौतामा फड्को मार्ने लक्ष्य राखेको छ ।

# टर्कीमा भूकम्प गएको १३ दिनपछि तीन जनाको जीवितै उद्धार

काठमाडौं/एजेन्सी- विनाशकारी भूकम्पको १३ दिनपछि टर्कीका उद्धारकर्मीले शनिबार भग्नावशेषबाट एक बालकसहित तीन जनालाई जीवितै उद्धार गर्न सफल भएका छन् । एनटिभीले उद्धारकर्ताहरूले भग्नावशेषमा फसेको २९६ घण्टा बिताएपछि उद्धार गरिएका व्यक्तिहरूलाई स्ट्रेचरमा राखेको तस्बिरहरू प्रसारण गरेको छ ।

गत फेब्रुअरी ६ मा ७.८ म्याग्निच्युडको भूकम्पले दक्षिणपूर्वी टर्की र सिरियामा ४३ हजारभन्दा बढी मानिसको ज्यान लिएको छ भने लाखौं मानिस सुरक्षित आवासविहीन भएका छन् ।

चिसो मौसममा यति लामो समयसम्म भग्नावशेषमुनि अड्किए पनि टोलीहरूले हप्ताभरि नै जीवित व्यक्तिहरूको खोजी गरिरहेका छन्, तर पछिल्ला केही दिनहरूमा उनीहरूको संख्या थोरैमा झरेको छ ।

टर्कीका उद्धारकर्ताले शुक्रबार १४ वर्षीय बालक, ४५ वर्षीय एक व्यक्तिसहित अर्को एक जनालाई भग्नावशेषबाट बाहिर निकालेका प्रहरी र स्वास्थ्यकर्मीले पुष्टि गरेका छन् ।

उद्धार गरिएकामध्ये एक जनाको भने अस्पताल लाने क्रममा मृत्यु भएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

चिसो मौसम र लामो समय भग्नाबशेष हटाउन नसक्दा बाँकी व्यक्तिलाई जीवितै उद्धार गर्ने सम्भावना क्षीण बनेपनि उद्धारकर्मीले आफ्नो अभियानलाई तीब्रता दिइरहेका टर्कीका अधिकारीहरूले बताएका छन् ।

# म्यान्मारका करिब एक लाख ८० हजार विद्यार्थी परीक्षामा सहभागी हुँदै

काठमाडौं/एजेन्सी- म्यान्मारमा विश्वविद्यालय प्रवेश परीक्षा आगमी मार्च ८ देखि १८ सम्म देशभर हुने भएको छ । विद्यालय शिक्षा प्रणालीअन्तर्गतको अन्तिम परीक्षामा एक लाख ७९ हजार छ सय ४९ परीक्षार्थीले आवेदन भरेका म्यान्मारको राज्य प्रशासन परिषद्ले जनाएको छ । शिक्षा मन्त्रालयलाई उद्धृत गर्दै परिषद्ले जनाएअनुसार उक्त परीक्षा आधारभूत शिक्षा प्रणालीअनुसार अन्तिमपटक हुन लागेको हो । कक्षा दश उत्तीर्ण भएकाहरूलाई उच्च शिक्षा हासिल गर्न सोझै विश्वविद्यालयमा प्रवेश दिइन्थ्यो । अब नयाँ प्रणालीअनुसार परीक्षा हुनेछ भने विश्वविद्यालय प्रवेश गर्न कक्षा १२ उत्तीर्ण हुनुपर्छ ।

गत शैक्षिक वर्षमा दुई लाख ८१ हजार सात सय ५१ जना परीक्षार्थी उक्त परीक्षमा सहभागी भएकामा ४६.८८ प्रतिशत मात्र उत्तीर्ण भएका थिए । उक्त परीक्षामा उच्च अंक प्राप्त गरेका विद्यार्थीमात्र देशका प्रख्यात विश्वविद्यालयमा भर्ना हुन पाउँछन् ।

# बुल्गेरियाको राजधानी नजिकै ट्रकमा १८ आप्रवासी मृत फेला

**काठमाडौं/एजेन्सी-**बुल्गेरियाको राजधानी सोफियानजिकै शुक्रबार कम्तीमा १८ जना आप्रवासीहरू एक परित्यक्त ट्रकमा मृत फेला परेको आन्तरिक मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

प्रारम्भिक जानकारी अनुसार ट्रकले अवैध रूपमा लगभग ४० जना आप्रवासीहरू बोकेको बताइएको छ । आप्रवासीहरू काठ बोकेको ट्रकमा लुकाएर यात्रा गराइएको पनि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार तिनीहरूमध्ये १८ जनाको मृत्यु भइसकेको र केही बाँचेकाहरूलाई अस्पतालमा भर्ना गरिएको छ । यस विषयमा अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०५/२३ मा दर्ता भएको **प्रा.लि. नं. १५५३८३** को **डिस्कभरी होलिडेज ट्राभल एन्ड टुर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/११/०७**

डोटी जिल्ला वडिकेदार गा.पा. वडा नं. २, डोटीमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा संकलन भएर उत्पादन भई वडिकेदार गा.पा. २, सैनेरीमा घाटगद्दी गरी राखिएको साल गोलिया थान १३९ को परिमाण १०३७.९९ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नँ पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री समाजकल्याण जनजागृती सा.व.उ.स. वडिकेदार गा.पा. २, डोटी**

**भेरिगंगा न.पा. ३ मा नगरपालिकाको ठोस फोहोरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र सञ्चालनका लागि प्रारम्भिक वातावरणीय प्रीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०७९/११/०७)**

कर्णाली प्रदेश, सुर्खेत, भेरिगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुर्खेतमा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावको नामः-** भेरिगंगा नगरपालिकाको ठोस फोहोरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र

**प्रस्तावकको नाम र ठेगानाः-** भेरिगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भेरिगंगा, सुर्खेत, कर्णाली प्रदेश

**प्रस्तावको व्यहोराः-**प्रस्तावित भेरिगंगा नगरपालिकाको ठोस फोहोरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा भेरिगंगा नगरपालिका वडा नं. ३, सुर्खेतमा नगरक्षेत्रजन्य ठोस फोहोरलाई व्यवस्थित तथा सुरक्षितरुपमा विसर्जन र प्रशोधन गरी सामाजिक, जैविक, भौतिक वातावरणको संरक्षण गर्न तथा पर्यावरणीय स्वच्छता कायम राख्न पर्ने भएकाले नगरपालिकाको वडा नं. ३ मा नगरपालिकाको ठोस फोहोरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने उद्देश्यका साथ वडा नं. ३, छिन्चुमा ठोस फोहोरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा रहि आएको छ ।

**प्रभाव पर्न सक्ने नगरपालिका वडाहरुः-** भेरिगंगा नगरपालिका वडा नं १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३, सुर्खेत माथि उल्लेखित प्रस्तावको मिति २०७९/११/५ गते भेरिगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट कार्यसूची (TOR) स्वीकृत भइसकेको हुँदा उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय प्रीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, जैविक प्रणाली, भौतिक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्छ भनि एकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**
**प्रस्तावकको नाम र ठेगाना**
भेरिगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भेरिगंगा, सुर्खेत, कर्णाली प्रदेश
फोनः ०८३-५४०१५४; इमेलः info@bheriganganmun.gov.np
**परामर्शदाताको नाम र ठेगाना**
माउन्टेन थट्स प्रा.लि., महालक्ष्मी- ५ ललितपुर ।
फोनः +९७७-९८५८४२१०६२ इमेलः mthoughts2072@gmail.com

**MALAYSIA मा रोजगार**
**कम्पनीः TERNAKAN IKAN FAI HOE SDN BHD**
**शहरः Malaysia, RAWANG**
पूर्व स्वीकृत मितिः २०७९/०८/०८ चलानी नं.: ६०१९१९९८ LT. No.: 276308 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 40 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १४ गते (26 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११६३/०७३/०७४
**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**
१. कम्पनीः **Danat Al Rayan Contracting Company** शहरः **Saudi Arabia**
पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२५५५ LT. No.: 276776 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 95 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन १५ गते (27 Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : SECURE SHIELD SECURITY SDN BHD.
शहरः **SELANGOR**
पूर्व स्वीकृत मितिः २०७९/११/०६ चलानी नं.: ६०१८५६२६ LT. No.: 269723 पुन : विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १४ गते (26 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Kathmandu-32, Tel.: 5147124, 9846984960/9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

# बक्स अफिस समाचार

## ‘नृत्य हाम्रो जीवनको अभिन्न भाग हो’

हालै सम्पन्न चलचित्र नृत्य संघको अध्यक्ष पदमा निर्वाचित भएका जनकबहादुर कार्की २०६० सालतिर नृत्य कलाकारको रुपमा प्रवेश गरेर २०६४ देखि नृत्य निर्देशन गर्न शुरु गरेका हुन् । कार्कीले हालसम्म चार सयभन्दा बढी गीतमा नृत्य निर्देशन गरिसकेका छन् । ‘नारायणी रत्न सम्मान’, ‘कोभिड-१९ हिरो अवार्ड सम्मान’सहित सामाजिक अभियन्ता र नृत्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गरी विभिन्न संघसंस्थाबाट सम्मानित कार्की भारत तथा अमेरिकाबाट समेत सम्मानित भएका छन् । निजगढ-७, बाराका स्थानीय बासिन्दा कार्कीले नेपाली, हिन्दी, भोजपुरी तथा अन्य भाषाका चलचित्रहरुमा नृत्य निर्देशकको रुपमा काम गरिसकेका छन् भने १ सय ५० भन्दा बढी हिन्दी गीतको भिडियो निर्देशन गरिसकेका छन् । चलचित्र नृत्य क्षेत्रमा नौलोपन दिन प्रयासरत नृत्य निर्देशक **जनकबहादुर कार्की**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठले** गरेको कुराकानीको सम्पादित अंश :



**भर्खरै संघको अध्यक्षमा निर्वाचित हुनुभएको छ, पहिलो काम के हुने छ ?**

मेरो पहिलो काम भनेको देशभर संघको शाखा विस्तार गर्नुका साथै सबै प्रदेशहरुमा नृत्य कार्यशाला गरी दक्ष नृत्य कलाकार तथा नृत्य निर्देशकहरुको उत्पादन गर्नु हो ।

**नेपाली चलचित्रको नृत्यमा नौलोपन दिन के गर्नुपर्ला ?**

हाम्रो मौलिक संस्कृतिलाई नमारी आम दर्शकको भावनालाई मध्यनजर गरी आधुनिक प्रविधिको नृत्यलाई समावेश गर्नुपर्छ ।

**साहित्य, संगीत तथा कला यी तीन विषयहरु नृत्यकलामुलक हुन् भन्छन्, तपाईंको बिचारमा के लाग्छ ?**

साहित्यलाई छोड्ने हो भने संगीत नृत्यको लागि नै निर्माण हुने हो, कलामा त नृत्य अनिवार्य जस्तै हुन्छ ।

**शास्त्रीय नृत्य र लोक नृत्यमा के भिन्नता छ ?**

शास्त्रीय नृत्य शास्त्रसँग सम्बन्धित नृत्य हो । शास्त्रीय नृत्य प्रायः एक जनाले प्रस्तुत गर्ने गर्दछन् र त्यसमा सँगै प्रस्तुति दिन सकिँदैन । शास्त्रीय नृत्य प्रायः मठ, मन्दिर तथा विदेशी दर्शकहरु माझ प्रस्तुत गरिन्छ भने लोक नृत्य जहाँ पनि, जहिले पनि तथा जता पनि गर्न सकिन्छ । र, दर्शक पनि समावेश भई नृत्य गर्न सक्दछन् ।

**मानिसले नृत्यकलालाई आफ्नो कलामात्र नसम्झेर यसलाई एक दैवी देन मान्छन्, यसमा तपाईंको धारणा ?**

अवश्य पनि नृत्य एक दैवी देन नै हो किनकि नृत्य कला नाट्यश्वरको नामबाट पनि चिनिन्छ । नृत्य कलाकारहरु नाट्यश्वरलाई साधक मान्छन् ।

**तपाईंलाई थाहा छ नृत्यको उत्पति र विकास कसरी भयो ?**

मलाई त्यसप्रति त्यति ज्ञान त छैन, तर पनि मैले पढेको अनुसार नृत्यको पहिलो पुरातात्विक प्रमाण भारतमा ९ हजार वर्ष पुरानो गुफाभित्र चित्रहरुबाट आउँछ । संरक्षित नृत्यको प्रारम्भिक प्रयोगहरु मध्ये एक धार्मिक समारोहको प्राचिन मिथकहरु र देवताहरुको कथालाई बताइएको थियो । युरोपमा आधुनिक नृत्य इतिहास पुनःजागरणसँगै शुरु भएको थियो ।

**नेपालभित्र कति प्रकारका नृत्य थियो र हाल चल्तीमा कति छन् ?**

१ सय २३ नृत्य अहिले पनि अस्तित्वमा रहेका छन्, तर कलाकारको अभावले कतिपय नृत्य लोप हुने स्थितिमा छन् र पनि करिब चलचित्रको नृत्यलाई नछुट्याउने हो भने ८०/९० को हाराहारीमा नेपालमा नृत्य प्रचलितमा छन् ।

**हराउँदै गएका मौलिक नृत्यको प्रवर्द्धन र संरक्षणका लागि राज्यले के गर्नुपर्छ र तपाईंहरुको भूमिका कस्तो रहन्छ ?**

प्रत्येक जातिको आफ्नै मौलिक नृत्य अस्तित्वमा रहेको छ । तर त्यसको संरक्षण गर्ने शिक्षक तथा प्रशिक्षकको अभावले गर्दा हाल त्यस्ता किसिमका मौलिक नृत्य संकटको अवस्थामा छ । त्यसका लागि राज्यले प्रत्येक समुदाय र त्यससँग सम्बन्धित नृत्य प्रशिक्षकलाई केही बजेट छुट्याई संरक्षण गर्नुपर्छ र मैले राज्यको सरोकारवाला सम्बन्धित निकायमा निरन्तर यस विषयमा ध्यानाकर्षण गराउँदै आएको छु ।

**कतिपयले नृत्य विषय लिएर अध्ययन गरिरहेका छन्, यसमा भविष्य कस्तो छ ?**

नेपालमा नृत्य पेशा गरी भविष्य बनाउन धेरै गाह्रो छ । तर पनि यस विषय लिएर अध्ययन गर्न जरुरी छ । पहिलाको



तुलनामा अहिले नृत्य विषय लिएर अध्ययन गर्ने विद्यार्थीको संख्या बढ्दो छ । यो हाम्रो लागि राम्रो पनि हो ।

**नृत्यले मानव स्वास्थ्यमा कस्तो प्रभाव पार्छ ?**

नृत्य एक किसिमले आफैंमा प्रत्येक अंग प्रत्यांगलाई चलायमान गराउने माध्यम हो । यसले शरीर स्वस्थ राख्न धेरै मद्दत गर्छ । यो कुरा विश्वभरका बैज्ञानिकहरुले पुष्टि गरिसकेको तथ्य हो । त्यसैले जो नाच्छ ऊ धेरै बाँच्छ । नृत्य गर्नाले शरीर फुर्तिलो हुनुको साथै स्वास्थ्य मजबुद बनाउँछ । नृत्य हाम्रो जीवनको अभिन्न भाग हो ।

**एकै आशयका थुप्रै संघ खोल्नुभन्दा आपसमा मिलेर एउटै छातामुनि अटाउन सकिँदैन ?**

सकिन्छ, किन नसक्नु नि । आखिर सबैको उद्देश्य एउटै हो र भविष्यमा मिल्नुको विकल्प छैन ।

**चलचित्र होस् वा म्युजिक भिडियोको कोरसमा नाच्न पनि संघको सदस्यता लिनुपर्ने, नलिएकाले कामै गर्न नपाउने हो ?**

संस्थामा आवद्धता हुन जरुरी छ, तर कसैको निजी सो विवेकले आफ्नो कला देखाउन संस्थाको सदस्य नै हुनुपर्ने जरुरी छैन । तर लिँदा धेरै फाइदाहरु छन् ।

**नृत्यमा आफ्नो भविष्य खोज्न चाहनेहरुलाई के सल्लाह दिनु हुन्छ ?**

राम्रोसँग नृत्य प्रशिक्षण लिएर आउनु । अहिले पहिलाको जस्तो छैन धेरै प्लेटफर्महरु छन्, जसले गर्दा यस मर्यादित पेशामा लाग्दा नाम, दाम, इज्जतसँगै समाजमा स-सम्मानका साथ स्वस्थ रही उज्वल भविष्य बनाउन सक्नु हुनेछ ।

**अन्त्यमा भन्न मन लागेको कुरा ?**

राज्यले हाम्रो यस पेशामा लाग्ने सांस्कृतिककर्मी जसले यो देशको कला, साहित्य, गीत संगीत नृत्यको संरक्षण गरी पर्यटन पवर्द्धनमा उल्लेखनीय योगदान दियो, त्यस्तो व्यक्ति जो निरन्तर ३० वर्ष यो क्षेत्रमा लागिरहे त्यस्ता व्यक्तिलाई सरकारको तर्फबाट एकमुष्ठ कम्तिमा १५ लाख देखि ३० लाखसम्मको नगद राशीसहित सांस्कृतिक संरक्षण सेवा अनिवार्य गर्नुपर्दछ । ताकि यस पेशामा लाग्ने प्रत्येक व्यक्तिलाई लागोस् कि हामी पनि यो पेशामा लाग्न सकौं । धन्यवाद । जय नृत्य ।

## अमेरिकामा बन्यो म्युजिकल शर्ट फिल्म ‘इन्डलेस’

**काठमाडौं/मस-** एउटी युवती आफ्नो प्रेमीसँग छुटेर अमेरिकाको ओहायोबाट नेपाल आउँछिन् । काठमाडौंबाट पोखरा जाने क्रममा उनको यती एयरको जहाज दुर्घटनामा निधन हुन्छ । उनीसँगै सो दुर्घटनामा ७२ जनाको ज्यान जान्छ । यो दृश्य समाचारमा हेर्दा उनका प्रेमीले आफूलाई सम्हाल्न सक्दैनन् । यसरी गत महिना ७२ जनाको ज्यान गएको विमान दुर्घटनामा प्रेमिका गुमाएको विषयलाई छोटो चलचित्रको रुपमा उएटा गीतको भिडियोमा उतारिएको छ ।



अमेरिकाको ओहायो राज्यको कोलम्बसमा यो भिडियो तयार गरिएको हो । इन्डलेस (ट्रु लभ नेभर डाइज, अनन्त) नामक शर्ट फिल्म शैलीको (म्युजिक भिडियो) सेतो कुर्ता रातो सारी गीतमा बनाइएको छ । यसलाई ओएसआर डिजीटल मार्फत युट्युवमा सार्वजनिक गरिएको छ ।

यो गीति भिडियोमा बुन्नी शाह, लक्ष्मी बराइली, कमल अधिकारी, पवन ढकाल, लिला अधिकारी, पम्फा अधिकारीको अभिनय छ ।


गीतको शुरुमा भिडियोमा प्रेमी प्रेमिकाको अथाह प्रेम देखाइएको छ । अन्त्यमा प्रेमिका नेपाल आउँदा जहाज दुर्घटनामा ७२ जनासहित उनको निधन भएको दुःखद घटनासँगै भिडियो सकिन्छ । प्रेमिकालाई गुमाउँदा पनि प्रेमीले उनलाई सम्झिरहेको दृश्य अन्त्यमा छ ।

सन्तोष सुनारको शब्द/संगीत रहेको यो गीतमा कोलम्बसकै गायक प्रविण दियालीको स्वर रहेको छ । यो गीति लघु चलचित्रलाई कोलम्बस र यसका बरिपरिका रेनोल्ड्बर्ग, पिक्रिन्टन, फ्यरपोर्ट हारबर ओहायोलगायतको स्थानमा छायांकन गरिएको छ । यसको सह निर्देशन कमल अधिकारीले गरेका छन् । जसमा प्रभा सुवेदीको श्रृंगार तथा भेषभुषा छ ।

नेक्स्टजेन्स् प्रोडक्सनको प्रस्तुति रहेको यो गीति चलचित्रलाई गोविन घिमिरेले निर्देशन गरेका छन् । छायांकन र सम्पादन पनि घिमिरेकै हो । सेन्ट्रल ओहायोको पिक्रिन्टन शहरमा बस्दै आएका उनी छोटा फिल्म, म्युजिक भिडीयो बनाउँदै आएका छन् । निर्देशक गोविनले यसबारे भने, ‘यहाँ बसेर पनि यस क्षेत्रमा केही गरौं भन्ने हुटहुटीले आफ्नो क्षेत्रबाट केही गर्ने कोसिस गरेका छौं, दर्शकहरुले कामको मूल्यांकन गरिदिनु हुनेछ ।’

## ‘ए साथी सुन’ चैत १० बाट प्रदर्शनमा आउने

**काठमाडौं/मस-** रामराघव आचार्यको लेखन तथा निर्देशनमा बनेको फिल्म ‘ए साथी सुन’को आगामी चैत १० गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ । प्रदर्शन मिति घोषणा गर्दै सार्वजनिक गरिएको दुईटा पोस्टरमध्ये एउटामा अभिनेत्री वर्षा सिवाकोटी घाइते अवस्थामा डराएको भावमा चित्रित छिन् । अर्को पोस्टरमा उनलाई पृष्टभूमिमा राखिएको छ भने डेब्यू ब्वाई रमेश बानियाँ रिसाहा लुकमा प्रस्तुत छन् ।




लभस्टोरी, थ्रिलर तथा कमेडी जनरामा निर्माण भएको फिल्ममा आयन खड्का, सुशिल पोखरेल, जयनन्द लामा, रमेश अधिकारी, बिमला गिरीलगायतको पनि अभिनय छ । कृष्मा खड्का र इभान सन्जेल बाल कलाकारमा छन् । इभान इन्टरटेनमेन्टको प्रस्तुतिमा फिल्म निर्माण भएको फिल्मलाई बीना कार्की र सन्तोषकुमार राईले निर्माण गरेका हुन् । सह-निर्मातामा भने सुदीप पौडेल छन् ।

‘ए साथी सुन’सहित यस वर्ष वर्षा सिवाकोटीका तीन फिल्म प्रदर्शन हुनेछन् । गत बैशाखमा ‘लक्का जवान’ र माघमा ‘मनसँग मन’ प्रदर्शनमा आएको थियो । तर, दुवै फिल्म वर्षकै डिजास्टर बने । लगातार फिल्म असफल हुँदा उनको करिअर नै संकटमा परेको छ । अब ‘ए साथी सुन’ले उनलाई फेरि असफलताको चोट दिन्छ या सफलताको सुख दिन्छ, त्यसका लागि प्रतीक्षा गर्नैपर्ने हुन्छ ।

## गंगा बरदानको ‘कहाँमा काट्यो बेतको लौरी’को नयाँ भर्सन




**धरान/मस-** बि.सं. २०३५ सालमा रेडियो नेपालमा आफ्नो जीवनकै पहिलो गीत ‘कहाँमा काट्यो बेतको लौरी’ रेकर्ड गराएर सांगीतिक क्षेत्रमा नेपाली बब मार्लीको उपनामले चिनिएका लोक श्रस्टा गंगा बरदानले सोही गीतलाई नयाँ भर्सनमा पुनः ल्याएका छन् ।

पटक-पटक गरी तेस्रो पटक सार्वजनिक गरिएको ‘ कहाँमा काट्यो बेतको लौरी’ पुरानै लयलाई कतिपनि नबिगारी संगीत संयोजनमा नयाँ टेस्टमात्र दिन खोजिएको गायक बरदानले बताएका छन् । अहिलेसम्म पनि उत्तिकै सदाबहार गीतलाई यसपटक भने रेगी भर्सनमा बनाइएको छ ।

**श्री साजिलाल माध्यमिक विद्यालय**
**सुन्दरहरैचा-६, दुलारी, मोरङ**
**प्रदेश नं. १, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०७९/११/०७)**

यस विद्यालयको तपशिल मितिमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यको लागि दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्र “न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही” भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आसयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | प्रकाशित मिति | ठेक्का नं./कामको विवरण | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | २०७९।०९।२९ | Construction of Administration Block Building of Shree Sajeelal Secondary School Sundarharaicha-6 Dulari Morang SSS/MOR/W/NCB-01(079/080) | सिध्दार्थ विल्डर्स एण्ड कन्स्ट्रक्सन इनरुवा-१ सुनसरी | ६६,५५,००६।०१ |

**प्रधानाध्यापक**

# नेपालको उच्च प्रदर्शन सिरिजमा लगातार तेस्रो जित

**काठमाडौं/मस–** आईसीसी विश्वकप क्रिकेट लिग-२ को त्रिकोणात्मक एकदिवसीय सिरिज अन्तर्गत शनिबार भएको खेलमा नेपालले नामिबियालाई पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गराएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेपालले नामिबियालाई तीन विकेटले पराजित गरेको हो । प्रतियोगिताको पहिलो खेलमा पनि नेपालले नामिबियालाई पराजित गरेको थियो भने दोस्रो खेलमा स्टकल्याण्डलाई हराएको थियो ।

आसिफ शेख र ज्ञानेन्द्र मल्लको कीर्तिमानी १ सय ३९ रनको साझेदारीमा नेपालले नामिबियामाथि २ सय ७५ रनको लक्ष्य १५ बल अगावै पूरा गर्दै ३ विकेटको सहज जित निकालेको हो ।

नेपालले लिग-२ को एउटा श्रृंखलामा लगातार तीन खेलमा पहिलो पटक सुखद नतिजा निकालेको हो । २०२० मा काठमाडौंमा भएको ओमान र अमेरिका सम्मिलित श्रृंखला, २०२१ मा मस्कटमा ओमान, अमेरिका सम्मिलित श्रृंखला र २०२२ मा दुबई भ्रमणमा युएई र पपुवान्युगिनी श्रृंखलामा नेपालले यसअघि २-२ खेल जितेको थियो ।

नेपालको जितमा आशिफ शेखले सर्वाधिक ८१ रन बनाए । कूल ९८ बल खेलेको उनले आठ चौका र दुई छक्का प्रहार गरे । त्यसैगरी ज्ञानेन्द्र मल्लले ६५ रन बनाए भने कुशल मल्ले ६२ रन जोडे । कप्तान रोहित पौडेलले ३९ रन बनाए । सोमपाल कामी आठ रनमा अविजित रहँदा सन्दीप जोराले तीन तथा कुशल भुर्तेलले एक रन बनाएका थिए । बलिङतर्फ नामिबियाको रुबेन ट्रम्पेलम्यानले तीन विकेट लिए भने बेर्नाड स्कोटजले दुई विकेट झारे ।



टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले निर्धारित ५० ओभरमा छ विकेट गुमाएर दुई सय ७४ रन बनाएको थियो । नामिबियाका लागि जान ग्रिनले सर्वाधिक ७५ रनको योगदान दिए । उनले ६३ बल खेल्दै ११ चौका र एक छक्का प्रहार गरे । नामिबियाका अर्का खेलाडी पिकीं या फ्रान्सले ४९, लोहार्ड लौरेन्सले ४१, माइकल भानले २२, कार्ल ब्रिकस्टकले २० तथा कप्तान ग्रेर्हाड इरास्मस र जान निकोलले समान १५-१५ रन बनाए । बलिङतर्फ नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए । यस्तै करण केसीले एक विकेट लिए । खेलमा नेपालका आसिफ शेख प्लेयर अफ द म्याच बने ।

यस जितसँगै नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगिने सम्भावना कायमै रहेको छ । नेपाल २७ खेलमा २४ अंकसहित सात राष्ट्र सम्मिलित लिग २ को अंक तालिकामा छैटौं स्थानमा छ । एकदिवसीय अन्तर्राष्ट्रिय मान्यतालाई कायम राख्न नेपालले बाँकी रहेको ९ मध्येको ६ खेल जित्नुपर्नेछ । लगातार तेस्रो खेलमा पराजित नामिबिया ३३ खेलमा ३७ अंकसहित तेस्रो स्थानमा छ । लिग २ को शीर्ष तीन टोली विश्वकप छनोटमा पुग्ने छन भने शीर्ष ५ टोलीले एकदिवसीय मान्यतालाई कायम रहनेछ । त्रिकोणात्मक एकदिवसीय सिरिजअन्तर्गत अब नेपालले आफ्नो अन्तिम खेल यही फागुन ९ गते स्कटल्याण्डसँग खेल्नेछ ।

**सन्दीपको ५० विकेट पूरा**

सन्दीप लामिछानेले आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा ५० विकेट पूरा गरेका छन् । सन्दीपले शनिबार भएको खेलमा नामिबियाविरुद्ध शुरुवाती दुई विकेट लिँदै ५० विकेट पूरा गरेका हुन् । उनले खेलमा तीन विकेट लिएका थिए ।

सन्दीपले २३ खेलमा लिग २ मा ५० विकेट पूरा गर्ने तेस्रो खेलाडी हुन् । ओमानका तीव्र गतिका बलर बिलाल खानले ३५ खेलमा सर्वाधिक ७६ विकेट लिएका छन् । अमेरिकाका तीव्र गतिका बलर सौरभ नेत्रवालकरले ३५ खेलमा ५८ विकेट लिएका छन् । सन्दीप लिग २ मा ५० विकेट पूरा गर्ने पहिलो स्पिनर समेत हुन् ।

सन्दीपपछि स्कटल्यान्डका मार्क वाटले २९ खेलमा ४७ विकेट लिएका छन् । २०१८ मा नेदरल्यान्ड्सविरुद्ध ओडिआई सिरिजमा डेब्यू गरेका सन्दीपले हालसम्म ३३ ओडिआई खेलमा ७८ विकेट लिएका छन् ।

# भारतसँग नेपालको बराबरी

**काठमाडौं/मस–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीले दोस्रो मैत्रीपूर्ण खेलमा घरेलु टोली भारतसँग बराबरी खेलेको छ । चेन्नईस्थित जवाहरलाल नेहरू स्टेडियममा शनिबार भएको खेलमा नेपालले भारतसँग गोलरहित बराबरी खेलेको हो ।

प्रतिस्पर्धात्मक खेलमा दुवै टोलीले पाएको अवसरलाई गोलमा परिणत गर्न सकेनन् । जसको कारण खेल गोलरहित बराबरीमा सकिएको हो ।

यसअघि पहिलो मैत्रीपूर्णमा नेपालले भारतसँग २-२ गोलको बराबरी खेलेको थियो । बुधबार भएको खेलमा दुई गोलको अग्रता उल्टाएर नेपालले घरेलु टोलीसँग रोमाञ्चक बराबरी खेलेको हो । नेपालका लागि दुवै गोल सावित्रा भण्डारीले गरेकी थिइन् ।



काठमाडौंमा आयोजना भएको महिला साफ च्याम्पियनसिपपछि नेपाल र भारतले दुई खेलको मैत्रीपूर्ण खेल खेलेको हो । ओलम्पिक छनोटको तयारी स्वरूप भारतले नेपाललाई दुई मैत्रीपूर्ण खेलका लागि निमन्त्रणा दिएको हो ।

# प्रिन्स र जेशिका फाइनलमा

विराटनगर/मस- नेपाल खेलकुद महासंघको पूर्वसन्ध्यामा नेकोस ब्याडमिन्टन संघको आयोजनामा विराटनगरमा जारी ब्याडमिन्टन प्रतियोगितामा नेपाल पुलिस क्लबका प्रिन्स दाहाल र एपिएफकी जेशिका गुरुङ फाइनलमा प्रवेश गरेका छन् । 'लिनिङ १२ औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिता २०२३' को एकलतर्फ उनीहरु फाइलमा प्रवेश गरेका हुन् ।



नेपाल ब्याडमिन्टन संघको शीर्ष १६ वरीयताभित्र रहेका पुरुष एकलको सेमिफाइनलमा पुलिसका प्रिन्सले त्रिभूवन आर्मीका रुकेश महर्जनलाई २१-९, २१-१७ ले पराजित गर्दै फाइनल यात्रा तय गरेका हुन् । उपाधिका लागि प्रिन्सले आर्मीका प्रफुल महर्जनसँग प्रतिस्पर्धा गर्नेछन् । प्रफुलले पुलिसका विष्णु कटुवाललाई २१-१८, २१-७ ले पराजित गरे । हालै इटहरीमा भएको प्रथम मुख्यमन्त्री सरगमाथा राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगितामा प्रफुललाई पराजित गर्दै प्रिन्सले उपाधि जितेका थिए ।

यस्तै महिला शीर्ष १२ वरीयताभित्रको एकलतर्फ प्रथम मुख्यमन्त्री सगरमाथा राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताकी उपाधि विजेता एपिएफकी जेशिका गुरुङले पुनः एक पटक राष्ट्रिय च्याम्पियन रसिला महर्जनलाई पराजित गर्दै फाइनल प्रवेश गरेकी छिन् । जेशिकाले आर्मीकी रसिलालाई १४-२१, २१-१६, २१-१२ ले पराजित गर्दै फाइनलमा आर्मीकी अनुमाया राईसँगको भेट पक्का गरेकी हुन् । अनुले फाइनल प्रवेश गर्ने क्रममा आर्मीकै प्राथना देउवालाई २१-१२, २१-११ ले पराजित गरेकी हुन् ।

पुरुषको शीर्ष १६ वरीयतादेखि बाहेकको पुरुष एकलमा आर्मीका पविन लिनथेप र एपिएफका सुजन थापा उपाधि नजिक पुगेका छन् । पविनले आर्मीकै हिमाल चन्दलाई २१-१९, १३-२१, २१-१९ ले तथा थापाले एपिएफकै प्रनिश सिंह ठकुरीलाई २१-१८, १७-२१, २१-६ ले पराजित गर्दै उपाधि भिडन्त पक्का गरेका हुन् ।

महिला शीर्ष १२ देखि बाहेकको एकलतर्फको खेलमा आर्मीकी बिष्णा विष्टले पाँचथरकी रिना तामाङलाई २१-१५, २१-१३ ले पराजित गर्दै फाइनल प्रवेश गरेकी छिन् । अब उपाधिका लागि बिष्णाले झापाकी अञ्जना राईसँग प्रतिस्पर्धा गर्ने छिन् । राईले आर्मीकी टिशा रानी शाक्यलाई २१-६, २१-१३ ले पराजित गर्दै उपाधि नजिक पुगेकी हुन् ।

पुरुष यु-१७ तर्फको प्रतिस्पर्धामा एपिएफका रोशन साउद र आर्मीका अनिल मल्लबीच उपाधिका लागि प्रतिस्पर्धा हुने भएको छ । रोशनले आर्मीका कविर केसीलाई २१-१३, १९-२१, २१-१५ ले तथा मल्लले दाङका सनौला रैनीलाई २१-१५, २१-१५ ले पराजित गर्दै फाइनल यात्र तय गरेका हुन् ।

महिला यु-१७ तर्फ आर्मीकी रिहाना शेरचनले कास्कीकी निभा राईलाई २१-१४, २१-१३ ले पराजित गर्दै उपाधिका लागि आर्मीकी टिशा रानी शाक्यसँगको भेट पक्का गरेकी छिन् । शाक्यले ताप्लेजुङकी नुमा लिम्बूलाई २१-१९, २१-११ ले पराजित गर्दै फाइनल प्रवेश गरेकी हुन् ।

पुरुष युगलतर्फको खेलमा एपिएफका विजित थापा मगर र पुलिसका जीवन आचार्यको जोडी फाइनल प्रवेश गरे । मगर र आचार्यको जोडीले आर्मीका प्रफुल महर्जन र रुकेश महर्जनको जोडीलाई १५-२१, २१-१९, २१-१३ ले पराजित गर्दै उपाधिका लागि पुलिसका विष्णु कटुवाल र प्रिन्स दाहालसँगको भेट पक्का गरेका हुन् । कटुवाल र दाहालको जोडीले कास्कीका विधान अधिकारी र पविन लिनथेपको जोडीलाई २१-१०, २१-१८ ले पराजित गर्दै उपाधि निकट पुगेका हुन् ।

महिला युगलतर्फ एपिएफकी शोभा गौचन र पुलिसकी नीता लम्सालको जोडी फाइनल प्रवेश गरेको छ । आर्मीकी रशिला महर्जन र अमिता गिरीको जोडी तथा आर्मीकी बिष्णा विष्ट र कैलालीकी निलिमा महराको टिम खेल खेल्न असमर्थ भए पश्चात शोभा र नीताले स्वतः फाइनल यात्रा तय गरेका थिए । अमिता गिरी र निलिमा महरा खेलका दौरान खुट्टामा चोट लागेपछि खेल खेल्न असमर्थ भएका थिए ।

महिला एकलतर्फकै अर्को खेलमा आर्मीका प्राथना देउवा र अनुमाया राईको जोडी फाइनल प्रवेश गरे । देउवा र राईको जोडीले एपिएफका जेशिका गुरुङ र सुनयना मुखियाको जोडीलाई २१-१९, २२-२० ले पराजित गर्दै उपाधि निकट पुगेका हुन् ।

पुरुष ४५ वर्षमाथिको प्रतिस्पर्धामा काठमाडौंका संजय कपाली र श्याम लामाको जोडीले सुनसरीका भजनलाल चौधरी र इटहरीका सन्त तामाङलाई २१-१५, २१-१५ तथा कास्कीका राजेश गुरुङ र बाँकेका अनिल लाखेले बेलबारीका दीपक आङ्दम्बे र मोरङका विकास श्रेष्ठको जोडीलाई २१-८, २१-१४ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

पुरुष ५५ वर्षमाथिको प्रतिस्पर्धामा पाँचथरका रामराज आङ्दम्बे र संजय भक्तराजको जोडीले जित हात पार्दै फाइनल प्रवेश गरेका छन् । राम र संजयको जोडीले बिबिसीका केशव कार्की र आरके सिंहको जोडीलाई २१-१९, २१-११ ले पराजित गरेका हुन् । अर्को खेलमा कास्कीका रमेश भट्टचन र खोटाङका दीपक राईको जोडीले सुनसरीका गणेश राई र भोजपुरका दानबहादुर तामाङको जोडीलाई २१-१५, १०-२१, २३-२१ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

# केन्याका स्टेफनलाई पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि



**पोखरा/मस–** सत्रौं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफन कोसेइलीले जितेका छन् । पोखरामा शनिबार सम्पन्न म्याराथन (४२.१९५) किमी दौड स्टेफनले दुई घण्टा २० मिनेट सात सेकेन्डमा पूरा गरी उपाधि जितेका हुन् । उनी १६औं संस्करणको समेत विजेता हुन् ।

अघिल्लो पटक निर्धारित दूरी स्टेफनले दुई घण्टा १९ मिनेट ४३ सेकेन्डमा पार गरेका थिए । उपाधिसँगै उनले रू पाँच लाख पुरस्कार पाए । उपाधि विजेता स्टफेनले पोखरा अत्यन्त सुन्दर सहर भएको भन्दै गत वर्षको तुलनामा पुरस्कार राशिसमेत धेरै भएकामा आफू हर्षित भएको प्रतिक्रिया दिए ।

यसैगरी केन्याकै धावक जुलियस मोरियकी दुई घण्टा २० मिनेट ३७ सेकेन्डमा निर्धारित दूरी पार गरी दोस्रो भए । उनले रू तीन लाख पुरस्कार प्राप्त गरे । यस्तै नेपाली सेनाका धावक होमलाल श्रेष्ठ तृतीय भए । उनले रू दुई लाख पुरस्कार पाए । श्रेष्ठले निर्धारित दूरी दुई घण्टा २५ मिनेट १४ सेकेन्डमा पार गरेका थिए । केन्याकै सिमोन म्याराथनमा चौथो बन्दै रू ३० हजार पुरस्कार पाउनुभएको छ । उक्त म्याराथनमा १६ देशका २९ विदेशीसहित दुई सयभन्दा बढी धावकले प्रतिस्पर्धा गरेका थिए ।

यसैगरी पोखरा म्याराथनअन्तर्गतको महिला हाफ म्याराथनको उपाधि नेपाल प्रहरीकी राजपुरा पछाईले जितेकी छन् । योसँगै उनले पोखरा हाफ म्याराथन उपाधिमा ह्याट्रिक गरेकी छन् ।

राजपुराले निर्धारित २१ किमी दूरी एक घण्टा २१ मिनेट ११ सेकेन्डमा पूरा गर्दै च्याम्पियन बनेर रू एक लाख ५० हजार पुरस्कार पाइन् । उनले यसअघि २०७७ र २०७८ सालमा समेत उपाधि आफ्नो पोल्टामा पारेकी थिइन् । यस्तै सशस्त्र प्रहरीको एपिएफ क्लबकी वृन्दा श्रेष्ठले द्वितीय हुँदै रू एक लाख पुरस्कार पाइन् । उनले निर्धारित दौड एक घण्टा २६ मिनेट २८ सेकेन्डमा पूरा गरिन् । सेनाकी पूर्णलक्ष्मी न्यौपानेले एक घण्टा २६ मिनेट ४९ सेकेन्डमा दौड पूरा गरी तृतीय बन्दै रू ७५ हजार पुरस्कार प्राप्त गरिन् । नेपाल पुलिसकी रेखा विष्टले एक घण्टा ३२ मिनेट चार सेकेन्डमा हाफ म्याराथन सम्पन्न गरी चौथो बनिन् । उनले रू १५ हजार पुरस्कार पाइन् ।

यसैगरी, १० किमी महिला दौडमा सशस्त्र प्रहरीकी आशा राउतले उपाधि जितिन् । उनले निर्धारित दूरी ५० मिनेट १२ सेकेन्डमा पूरा गरिन् । नेपाल प्रहरीकी वृष्मा कुमाल द्वितीय र नेपाली सेनाकी कल्पना खड्का तृतीय भइन् ।

पुरुष १० किमी दौडमा नेपाली सेनाका सञ्जय श्रेष्ठ प्रथम, सेनाकै सुवास कार्की द्वितीय र पाँचथरका दीपक सुहाङ तृतीय भए । महिला तथा पुरुष १० किमीको दौडका प्रथम, द्वितीय र तृतीयले समान क्रमशः रू ३० हजार, रू २० हजार र रू १५ हजार पुरस्कार पाएका छन् । पोखरा अन्तर ाष्ट्रिय म्याराथनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले गरेका थिए । मुख्यमन्त्री अधिकारीले समेत पाँच किमी दौड पूरा गरेका थिए ।

# लोटस आई एलपीएलको च्याम्पियन




कैलाली/मस- कैलालीको धनगढीमा सम्पन्न विद्यालय स्तरीय यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता लिटल फ्लावर प्रिमियर लिग एलपीएलको उपाधि अत्तरियाको लोटस आई इङ्लिस स्कुलले जितेको छ । डिफेन्डिङ च्याम्पियन सत्यवती एकेडेमीलाई ७ विकेटले पराजित गरी वीरेन्द्र नाथको कप्तानीमा रहेको लोटस आईले उपाधिमाथि कब्जा जमाएको हो । जितका लागि पाएको ९२ रनको लक्ष्य लोटस आईले ११ दशमलब ३ ओभरमा ७ विकेटको क्षतीमा पुरा गर्‍यो । जसमा लक्की कडायतले अविजित ४१ र आयुव चन्दले २८ रनको योगदान गरे । सत्यवतीका लागि प्रतिक श्रेष्ठ र गौतम केसीले एक एक विकेट हात पारे ।

त्यसअघि फाप्ला मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सत्यवती १९ दशमलब १ ओभरमा ९१ रनमा अलआउट भयो । जसमा इमरान शेखले सर्वाधिक २७ रन बनाए । लोटस आईका लागि नरेन साउँद र प्रेम शाहले चार चार विकेट हात पारे । योसंगै लोटस आईले लिग चरणमा हारेको बदला समेत लिएको छ ।

उपाधिसँगै लोटस आईले २ लाख ५१ हजार १ सय ११ पुरुकार पायो । सत्यवतीले १ लाख २५ हजार ५ सय २५ मा चित्त बुझायो ।

## हानचाउ एसियाली प्रतियोगितामा ३८ हजार स्वयम्सेवक

**काठमाडौं/मस–** चीनको हानचाउमा आयोजना हुने एसियाली खेलकुदको १९औं संस्करणको तयारी अन्तिम चरणमा पुगेको छ । प्रतियोगिता आगामी सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म सञ्चालन हुनेछ । हानचाउ एसियाली खेलकुद आयोजक कमिटीले प्रतियोगितामा कुल ४० खेलका ६१ विधामा चार सय ८४ प्रतिस्पर्धा हुने जनाएको छ । आयोजक कमिटीका अनुसार प्रतियोगिताका लागि ५६ आयोजनास्थल र ३१ प्रशिक्षण केन्द्र तयारी अवस्थामा छन् ।

सन् २०२२ मा हुनुपर्ने उक्त प्रतियोगिता कोरोना महामारीलगायत कारणले अहिले गर्न लागिएको हो । ती विभिन्न खेललाई सम्पन्न गर्न पाँच एसियन भिलेजको व्यवस्था गरिएको छ । ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए)को कार्यक्रमअन्तर्गत नेपाल ओलम्पिक कमिटीको आयोजनामा पाटन दरबार क्षेत्रमा उक्त प्रतियोगिताको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले उक्त प्रतियोगिताको सफलताले एसियाको गौरव बढाउने विश्वास व्यक्त गरे । हानचोउ एसियाली खेलकुद आयोजक कमिटीका सहायक निर्देशक वाङ मिङख्वाले प्रतियोतिगा सञ्चालनका लागि सबै प्राविधिक पदाधिकारीको व्यवस्था भइसकेको जानकारी दिँदै प्रतियोगिताका लागि ३८ हजार स्वयम्सेवक तयारी अवस्थामा रहेको बताए ।

### व्यवसायीहरुको बैंक विरुद्धको आन्दोलन

# ‘समीक्षा गरेर अगाडि बढ्छौं’






नारायण अर्याल/मध्यान्ह
काठमाडौं, ६ फागुन।

बैंकहरुको विरुद्ध आन्दोलनको नेतृत्व गरेको नेपाल राष्ट्रिय व्यवसायी महासंघले शुक्रबार काठमाडौंमा वृहत पदर्शन गर्‍यो। मुख्य गरेर बैंकहरुले बढाएको ब्याजदर घटाउनुपर्ने, आर्थिक संकटलाई ख्याल गरेर लिलामी प्रकृयालाई अगाडि बढाउन नपाइने लगायतका मागहरु राखेर लामोसयदेखि महासंघ आन्दोलनमा रहेको छ। महासंघले एजेन्डासहित अगाडि बढाएको आन्दोलनलाई तीन दर्जनभन्दा बढी व्यवसायी संगठनहरुले समर्थन गर्दै आएका छन्। तर, शुक्रबारसम्मको आन्दोलनमा आउँदा भने सरकारले वा बैंक तथा वित्तीय क्षेत्रले व्यवसायीहरुको आन्दोलनलाई औपचारिक रुपमा सम्बोधन गरेका छैनन्।

शुक्रबार राजधानीमा गरिने वृहत पदर्शन पश्चात सरकारले आफ्ना मागको सुनुवाई गर्ने अनुमान महासंघले गरेको थियो। तर, सरकारले कुनै वास्ता नगरेपछि अब आन्दोलनको समीक्षा गरेर अगाडि बढ्ने महासंघका अध्यक्ष कुमार कार्कीले मध्यान्ह दैनिकलाई बताए। आफूहरुले अगाडि बढाएको आन्दोलनमा विभिन्न व्यवसायिक क्षेत्रका लाखौंको समर्थन रहेकाले कसरी अगाडि बढ्ने भन्ने विषयमा समीक्षा गर्नुपर्ने उनको भनाइ छ।

‘माघको १६ गते र फागुन ५ गते शान्तिपूर्ण आन्दोलन गर्‍यौं, सरकारले पनि हाम्रो आन्दोलनको बारेमा थाहा पाएको छ जस्तो लाग्छ’, उनले भने। सिमित मानिसहरुको स्वार्थको लागि बैंकको ब्याजदर बढाइएको कार्कीको धारणा छ। ‘अरु देशमा ५ प्रतिशत भन्दा बढी ब्याज लगाइएको अवस्था छैन, पहिला ८ प्रतिशत ब्याजमा सही गराएर १५ प्रतिशत पुर्‍याउने काम भएको छ’, उनले भने, ‘कोभिड महामारीले थलिएका व्यवसायीलाई यसो गरेर लिलामी गर्ने प्रकृया अगाडि बढाइसकेपछि महासंघसमक्ष आइपुगे।’ आफूहरुले अर्थमन्त्री र गभर्नरसँग विषयवस्तु राख्दा सुनुवाई नभएपछि आन्दोलनमा जानुपरेको उनको भनाइ छ।

उदारवादी अर्थराजनीतिक पक्षधर र केही बैंक सञ्चालकहरुले ब्याजदर बजारले निर्धारण गर्ने तर्क राख्दै आएका छन्। अहिले व्यवसायीहरुले बैंक विरुद्ध अगाडि बढाएको आन्दोलनको औचित्य नभएको उनीहरुको भनाइ छ। तर, बैंकमा माग आपूर्तिको नियम लागु हुने तर्कसँग आफू सहमत नभएको अध्यक्ष कार्की बताउँछन्। मध्यान्ह दैनिकसँग कुरा गर्दै उनले भने, ‘सरकारभन्दा ठूलो अरु हुन सक्दैन, यसको नियमन सरकारले गर्नुपर्छ’, उनले भने, ‘हिजो २ वर्ष पहिला ८ प्रतिशत हुने अहिले १५ प्रतिशत बनाउने कुरा कहाँ हुन्छ?’

ऋणीहरुले ब्याज तिर्न नसक्ने अवस्था हुँदै गएको भन्दै उनले सिमित ऋण असुल गर्नको लागि आर्थिक संकट भएको बेलामा लिलामी प्रकृयालाई तिव्रतामा अगाडि बढाएको भन्दै निकै चिन्ताको अवस्था बनेको बताए। अध्यक्ष कार्कीले बैंकको ब्याज कम भएमा धेरैले लगानी गर्ने र उद्यम गर्ने वातावरण सिर्जना हुने, युवाहरु विदेश जान रोकिने बताएका छन्। उनले सिमित व्यक्तिहरुलाई पहुँचको आधारमा अनुदानको नाममा सहुलियतपूर्ण ऋण दिने र अधिकांश व्यवसायीहरुमाथि अधिक ब्याज लगाउने अवस्था रहेको समेत बताए।

‘आफ्ना कार्यकर्ताहरुलाई पोस्नको लागि अनुदान बनाउने, हामीलाई ब्याजमा मार्ने काम भएको छ’, उनले भने। अहिले संकटको बेलामा धितो धान्न सक्ने पुँजी भएकाहरुलाई लिलाममा लैजान नहुने, धितो धान्न सक्ने पुँजी भएका ऋणीहरुलाई नवीकरण गर्दिनुपर्ने अध्यक्ष कार्कीको भनाइ छ। उनले सरकारले व्यवसायीहरुका मागलाई लिएर तुरुन्त छलफल अगाडि बढाउनुपर्ने बताएका छन्।

## ‘प्रदेश र स्थानीय तहको एकल अधिकारका आयोजनालाई सशर्त अनुदान नदिनु’




**काठमाडौं/रासस** – राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहको एकल अधिकारका आयोजनालाई सशर्त अनुदान नदिन सरकारलाई सिफारिस गरेको छ। आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले बनाउन लागेको बजेटका सन्दर्भमा आयोगले यस्तो सिफारिस गरेको हो।

आयोगले तयार पारेको ‘आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरेको सिफारिस’ प्रतिवेदनअनुसार टुक्रे र एकल अधिकारका आयोजनालाई ससर्त अनुदान उपलब्ध गराउन नहुने सिफारिस गरिएको छ। ससर्त अनुदानलाई मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आबद्ध गरी निश्चित नीति, सूचक र मापदण्डमा आधारित रहेर पारदर्शी रुपमा वितरण गर्न आयोगको सुझाव छ।

‘सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, प्राथमिकता, दीर्घकालीन लाभ र फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाको कार्यान्वयनमा जोड दिइनुपर्छ। तर प्रदेश तथा स्थानीय तहको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध गराउन हुँदैन’, सिफारिसमा भनिएको छ।

संघबाट जाने ससर्त अनुदानको रमक बिस्तारै घटाउँदै लगेर त्यसलाई समानीकरण अनुदानबाट प्रतिस्थापन गर्दै लैजान पनि आयोगको सिफारिस छ। ‘प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कूल अनुदानमा ससर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने तथा त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानबाट गर्दै जानुपर्छ’, सुझाव प्रतिवेदनमा भनिएको छ।

ससर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी एकमुष्ट अनुदान हस्तान्तरण गर्न पनि सरकारलाई आयोगले सुझाव दिएको छ। यसो गर्दा आयोजनाप्रति सम्बन्धित तहको स्वामित्व कायम गर्न सकिने आयोगले जनाएको छ।

प्रदेश तथा स्थानीय तहका बहुवर्षीय र क्रमागत आयोजनालाई सम्पन्न गर्न वित्तीय समानीकरण अनुदान एकमुष्ट दिइनुपर्ने आयोगको सिफारिस छ। ‘प्रदेश वा स्थानीय तहको अधिकारका विषयसम्बन्धी साबिकमा सङ्घबाट बहुवर्षीय ठेक्का स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत अधुरा कार्यक्रमलाई पूर्णता दिन आर्थिक वर्ष २०८०/८१ देखि त्यस्ता आयोजनाका लागि वित्तीय समानीकरण अनुदान एकमुष्ट अनुदानका रुपमा बजेट हस्तान्तरण गर्नुपर्छ’, आयोगले भनेको छ।

यद्यपि, प्रदेश वा स्थानीय तहले सालबसाली रुपमा खर्च गर्नुपर्ने, चालू प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मतसम्भार र सञ्चालनसँग सम्बन्धित खर्चका लागि भने आन्तरिक स्रोतबाटै व्यवस्थापन गर्नुपर्ने आयोगले जनाएको छ। उपभोक्ता समितिको सहभागिता तथा लागत साझेदारीमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा ससर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय तहको आन्तरिक स्रोत विनियोजनलाई प्रश्रय दिइनुपर्ने आयोगको सिफारिस छ।

आयोजना तथा कार्यक्रममा दोहोरोपन हुन नदिन ससर्त अनुदानको वितरण एकीकृत रुपमा हुनुपर्ने आयोगको सिफारिस छ। ‘समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयबाट तर्जुमा गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि ससर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा सशर्त अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनुपर्छ’, सिफारिसमा उल्लेख छ।

## ब्रोकरलाई एउटा शाखा खोल्न साढे एक करोड चाहिने




काठमाडौं/रासस - नेपाल धितोपत्र बोर्डले ‘धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्नेसम्बन्धी निर्देशिका, २०७९’ जारी गरेको छ। धितोपत्र दलाल व्यवसायी (ब्रोकर) कम्पनीको शाखा खोल्ने प्रक्रियालाई छिटो, छरितो र सहज बनाउन निर्देशिका जारी गरेको बोर्डले जनाएको छ।

बिहीबारदेखि कार्यान्वयनमा आएको उक्त निर्देशिकाले ब्रोकर व्यवसायमा हुने वित्तीय जोखिमको न्यूनीकरण गर्ने बोर्डले अपेक्षा गरेको छ। अब ब्रोकर कम्पनीले शाखा विस्तार गर्दा प्रतिशाखा एक करोड ५० लाखका दरले चुक्ता पुँजी कायम गर्नुपर्ने छ भने मुख्य कार्यालय रहेको जिल्लामा शाखा कार्यालय खोल्ने स्वीकृति नदिने निर्देशिकामा उल्लेख छ।

त्यस्तै, काठमाडौं उपत्यका बाहिर कम्तीमा तीन शाखा खोलेपछि मात्र उपत्यकामा खोल्न पाइने व्यवस्था गरिएको छ। ब्रोकर कम्पनीले एक पटकमा एउटा मात्र शाखा खोल्नका लागि बोर्डमा निवेदन दिनुपर्नेछ। शाखा कार्यालय खोल्न अनुमति पाएको तीन महिनाभित्र कार्यालय सञ्चालनमा ल्याइसक्नुपर्नेछ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाएका ब्रोकर कम्पनीले भने त्यस्तो सजाय पाएको एक वर्षसम्म शाखा बिस्तार गर्न पाउने छैनन। त्यस्तै, शाखा खोल्न स्वीकृति पाए पनि कार्यालय नखोली स्वीकृति रद्द भएमा रद्द भएको मितिले एक वर्षसम्म अर्को शाखा खोल्न नपाउने व्यवस्था गरिएको छ।

धितोपत्रको प्राथमिक बजार देशका सबै जिल्लामा पुगिसकेकाले दोस्रो बजारको पहुँचलाई विस्तार गर्न आवश्यक देखिएकाले उक्त निर्देशिका लागु गरिएको बोर्डले जनाएको छ। हाल धितोपत्र बोर्डबाट ५० कम्पनीले ब्रोकरका रुपमा लाइसेन्स लिएका छन्।

## दुई अर्ब बढीका म्युचुअल फन्ड आउँदै





काठमाडौं/मस - पुँजी बजारमा २ अर्ब ३० करोड बराबरका दुई सामुहिक लगानी कोषले सञ्चालन अनुमति पाएका छन्। नेपाल धितोपत्र बोर्डले सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३ र कुमारी सुनौलो योजना सामूहिक लगानी कोषलाई इकाई निष्कासन अनुमति दिएको हो।

दुई योजनाहरु मध्ये एउटा बन्द र अर्को खुलामुखी हो। सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३ बन्दमुखी योजना हो। यसले प्रति इकाइ १० रुपैयाँका दरले १ अर्ब २० करोड बराबरको १२ करोड इकाइ निष्कासन तथा बिक्री गर्ने भएको छ। यो म्युचुअल फन्डको योजना व्यवस्थापक सिद्धार्थ क्यापिटल छ।

यस्तै कुमारी क्यापिटलले कुमारी सुनौलो योजना निष्कासनका लागि अनुमति पाएको छ। कुमारी सुनौलो खुलामुखी योजना हो। बोर्डले योजनालाई १ अर्ब बराबरको १० करोड इकाइ निष्कासन तथा इकाइ बिक्री अनुमति दिएको हो। कुमारी सुनौलोले पनि प्रति इकाइ १० रुपैयाँका दरले बिक्री गर्नेछ। दुवै म्युचुअल फण्डले गत बुधबार बोर्डबाट अनुमति पाएका हुन्।

## स्वदेशी वस्तुको बजारीकरण अहिलेको आवश्यकता : अर्थमन्त्री पौडेल



काठमाडौं/रासस - उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्वदेशमा उत्पादन भएका वस्तुको बजारीकरण अहिलेको महत्वपूर्ण आवश्यकता रहेको बताएका छन्। मेलाले देशभरकै उद्यमीहरूलाई आफ्ना उत्पादनको प्रचार-प्रसारमा सहयोग पुर्‍याउने भन्दै उनले भने, ‘देशमै रोजगारी सिर्जना र कृषिजन्य उत्पादनको आधुनिकीकरणमा मेला उपयोगी हुनेछ।’

नेपाल घरेलु तथा साना उद्योग महासंघले आयोजना गरेको औद्योगिक प्रदर्शनी समापन समारोहलाई शनिबार सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले घरेलु उद्यमी तथा उनीहरूका उत्पादनलाई बजारीकरण गर्ने कार्यमा अर्थ मन्त्रालय सहयोग गर्न सधैं तयार रहेको बताए। दुई लाख ५० हजार अवलोकनकर्ताका साथै पाँच करोडको कारोबार गर्दै नेपाल १६औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला शनिबार सम्पन्न भएको हो।

महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले मेला आयोजना गर्न विभिन्न कठिनाइ रहँदारहँदै पनि उपप्रधान तथा अर्थमन्त्री पौडेल तथा उद्यमीको सहयोग गर्ने आश्वासनले मेलाको आयोजना गरिएको बताए। मेलाले देशभरकै उत्पादन प्रवर्द्धनमा सहयोग पुर्‍याउने उनले बताए। सरकार स्वदेशी उत्पादन तथा बजारीकरणमा सहयोग पुर्‍याउन गम्भीर भएर लाग्नुपर्ने उनको भनाइ थियो।

धेरै समस्या हुँदाहुँदै पनि मेला सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउने सबैलाई धन्यवाद दिँदै मेला संयोजक शोभा गुरुङले भने, ‘देशको औद्योगिक क्रान्तिमा घरेलु उद्यमीहरूले गरेको योगदानको उचित कदर हुनसकेको छैन।’

मेलामा कति खरिद-बिक्री भयो, कति मान्छे आए भन्नुभन्दा पनि स्वदेशी वस्तुको बजारीकरण कति हुनसक्यो त्यो महत्वपूर्ण रहेको मेला संयोजक गुरुङको भनाइ छ। सरकारले आगामी दिनमा सहयोग गर्ने प्रतिबद्धता गरेकाले र सबै उद्यमी व्यवसायीको सहयोगमा आगामी दिनमा पनि मेलाको आयोजना गरिने उनको भनाइ थियो।

स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महासंघले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यसपटक यही फागुन २ देखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा आयोजना भएको थियो।

महोत्सवमा प्राकृतिक रेशाजन्य उत्पादन, कर्णालीका खाना परिकार तथा स्थानीय मौलिक उत्पादनहरूमा अवलोकनकर्ता तथा उपभोक्ताको आकर्षण देखिएको थियो। प्रदर्शनीमा अल्लो, सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भुइँकटहरलगायत प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, कर्णालीका मौलिक परिकार (कर्नालीको अन्नी) सेटमा जौको लड्डु फापरको म:म, मार्सीको खिर, चिनोको सेल उपभोक्ताले निकै मन पराएका थिए।

यसैगरी राउटे समुदायले बनाएका काठका सामग्री, तेह्रथुमको ढाका, संखुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका श्रृंगारको सामग्री तथा महबाट बनेका सौन्दर्य प्रसाधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छ्वोप, हस्तकलाका उत्पादनलगायतका सामग्रीमा पनि उपभोक्ताको आकर्षण रहेको थियो।

मुलुकभरका झण्डै छ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरू र कृषि व्यवसायमा संलग्न उद्यमीलाई प्रतिविम्बित गर्ने प्रदर्शनीको मुख्य नारा ‘नेपाली वस्तु प्रयोग गरौँ, नेपाली भएकोमा गर्व गरौँ’ र ‘मेहनत, सिर्जना, उत्पादन र वस्तु मैरै नेपालको’ भन्ने रहेको थियो।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**